# '२९ साल



—आनन्ददेव भट्ट

# '९७ साल

(खण्ड काव्य)

आनन्ददेव भट्ट

पुस्तकको नाम : '९७ साल

लेखक : आनन्ददेव भट्ट

संस्करण : प्रथम, २०१५ साल
दोस्रो, २०४९ साल आश्विन २० गते,
मंगलबार, विजया दशमी,
अक्टोबर ६, १९९२,

प्रकाशक : श्री अशोक उप्रेती
गोंगबू, काठमाडौं, नेपाल
(घर) फोन : ४१९१६७

लेखकको ठेगाना : पुख्यौंली घर : पल्लाचौंडली
दशरथचन्द गा.वि.स; बैतडी, महाकाली अञ्चल
अहिले बसेको घर : कालिकास्थान ख २/१५
डिल्लीबजार, काठमाठौं, नेपाल
फोन (घर) ४१०८२४
पो. ब. नं. ४१०८, जि. पि. ओ, काठमाडौं

© सर्वाधिकार : लेखक स्वयंमा

कभर डिजाइन : श्री कान्छा कर्माचार्य

मूल्य : रू. १५।–

मुद्रक : हिसि प्रेस, जमल, काठमाडौं
फोन २-२६-४१६

SANTANABBE SAL : By Ananda Dev Bhatta
(Kathmandu : Asoka Uprety; 2049 Aswin/1992, October)

# दोश्रो संस्करणको भूमिका

'९७ साल' नामक यो मेरो खण्ड काव्य २०१५ सालमा पहिलो चोटि छापिएको हो। त्यसबेला म भर्खर २२ वर्षको युबक थिएँ। त्यसपछि ४।५ वर्षमा त्यो किताब बजारमा नपाइने भयो होला। त्यति बेला नेपाल-भारत मैत्री संघले उक्त किताब छापेर मलाई धेरै गुन लगाएको थियो। तर त्यसपछि २०४७ सालसम्म म त्यस किताबप्रति एक प्रकारले निस्क्रिय, निश्चेष्ट जस्तै भैरहें। २०४८ साल बैशाख २९ गतेको बहुदलीय प्रजातन्त्रको पहिलो आम चुनावका सिलसिलामा जब म आफ्नो पुर्खाको भूमि बैतडीमा त्यहाँका कम्युनिष्ट उम्मेदवारहरूको पक्षमा चुनाव अभियानमा भाग लिन गएँ अनि मलाई थाहा भयो: त्यहाँका कैयन् मानिसहरूले आफ्नो विद्यार्थी एवं युवा कालमा त्यो किताब पढी आनन्द लिएथे र शहीदहरूप्रति श्रद्धा गर्दै देश-प्रति भक्ति भावना आर्जन गरेका थिए। साथै उहाँहरूले मलाई सोध्नु भो: त्यो किताब भए दिनोस् न, फेरि एक पल्ट

हेरौं । मैले भनें: त्यति पहिले छापिएको किताब अहिले कहाँ पाउनु ? अनि उहाँहरूले नै भन्नु भो: छपाउनोस् न त फेरि । आज भोलिका युवक विद्यार्थीहरूले पनि पढ्लान् र हामी-पनि फेरि दोहोराउँला । यो सुनेर म अवाक् भएँ तर मनमनै भनें पनि: पैसा त हात परोस्, म नछपाई कहाँ छोड्ुँला ? शहीदहरूको भक्ति किन नजगाउँला ? नभन्दै आज पुन: यो दोश्रो संस्करण तपाईंहरूका हातमा राख्न पाएकोमा अत्यन्त खुशीछु ।

यस दोश्रो संस्करणमा मैले धेरै ठूलो परिवर्तन केही गरेको छैन । सामान्य केही शब्दहरूको परि-वर्तन बाहेक । किनभने अहिले पढ्दा पहिले उक्त खण्डकाव्य लेख्दाकै सरल मनस्थितिमा श्रोर्लन संभव भएन र यसलाई बढी जटिल कल्पनाले सिंगार्नु मलाई उपयुक्त लागेन । एउटा आलोचकका आँखाले यस कवितामा धेरै कुराका अभाव खट्कन्छन् र साथै परिपक्व बुद्धिजीवी एवं परिस्कृत साहित्यपारखीहरूलाई पनि । तर पनि मैले ठानें: म आफ्नो युवा-सुलभ सरलता र स्वाभाविक कल्पनाकै आधारमा फेरि पाठकवर्ग सामु किन न जाउँ ? त्यसैले हाम्रा चार अमर शहीद र उनका निकटतम सहयोगी समकालीन वीर वीराङ्गना-हरूलाई सम्मान चढाउँदै मैले यो सानो पुस्तक पाठकवर्गका सेवामा प्रस्तुत गरेको छु । जस्तो शुभेच्छा पाउने छु त्यै मेरा निम्ति श्रेष्ठ कोसेली हुने छ ।

अहिले मेरा आफन्त, राष्ट्रिय भावनाले उत्सा-

हित, प्रजातान्त्रिक चेतनाले अग्रसर उद्योग वाणिज्य व्यवसायमा संलग्न श्री अशोक उप्रेतीज्यू शहीदहरू प्रति सम्मान राख्दै यो पुस्तक प्रकाशनार्थ मेरो सहयोगी हुन आउनु भएको छ र मैले मेरा बैतडेली मित्रहरूको इच्छा पूरागर्ने मौका पाएको छु । यो मौका दिनु भएकोमा म श्री अशोक उप्रेती प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रुफ हेर्ने देखि प्रेसको अन्य सम्पूर्ण कार्यमा समेत समय दिनु भएकोमा मित्र प्राध्यापक, श्री हेमनाथ पौडेलज्यूप्रति पनि आभार प्रकट गर्छु । साथै, कभर डिजाइन गरिदिनु हुने श्री कान्छा कर्माचार्य, हिसि प्रेसका कम्पोजिटर देखि अन्य संपूर्ण श्रमजीवी परिवारप्रति सहृदयता साटासाट गर्दछु । अन्तमा सम्पूर्ण पाठकबृन्दमा २०४९ को बडा दशैंको हार्दिक शुभ कामना ।

लेखक

२०४९ साल आश्विन २० गते, मंगलबार, विजया दशमी
अक्टोबर ६, १९९२, ।



स्व. श्री ५ त्रिभुवन



स्व. टंकप्रसाद आचार्य



शहीद दशरथ चन्द



शहीद धर्मभक्त माथेमा



शहीद गंगालाल श्रेष्ठ



शहीद शुक्रराज शास्त्री

# तपाइँको '९७ सालको झ्याल

कुनै पनि लेखक वा कलाकारलाई सबभन्दा आनन्द लाग्ने क्षण त्यही होला, जुन बेला ऊ आफूले गरेको असल काम र त्यसको भविष्यको मूल्याङ्कन गर्न सक्दैन। यो क्षण कुनै एक खास डोरीमा बाँधिएको हुँदैन होला। यसमा सुख दुःख र त्यसले पैदा गर्ने बिस्मातका सुस्केरालाई खुल्ला छुट पनि अवश्यै हुन्छ होला। तिनैका एक-एक रेखाहरूको नाप गर्नु नै त्यो लेखक वा कलाकारको आत्मालाई चिन्न खोज्नु हो। उसको आत्माको सबभन्दा नजीक बस्ने उडान नै "कविता" हो। देश, काल, परिस्थिति, त्यसमा भएका र देखिने बेग्लाबेग्लै वस्तुले जहिले पनि लेखकको आत्मालाई झन् झन् उज्यालो र नौलो प्रतिभा दिने हुनाले, हेर्ने र शोच्ने ढंगमै परिवर्तन ल्याउने हुनाले समयको प्रवाहसंगै कविताको रूप भिन्दै भएर गएको हो। यसैलाई नै "समयको छापा र माग" पनि भनिएको हो, पहिलो भन्दा नौलो भन्ने संज्ञा दिइने गरेको

हो । यो मेरो '६७ साल पनि त्यही समयको प्रवाहमा लहरिदै आएको मेरो आत्माको उडानको यौटा साक्षात् रूप हो, मेरो आत्मा हो ।

'९७ साल मैले किन र कसरी लेख्न पुगें वा मेरो आत्मामा त्यसको छापा किन र कसरी पऱ्यो भन्ने कुरा त्यही सबभन्दा मीठो क्षणमा राखो हेर्दा, मलाई नै यौटा खोजीको विषय भैराखेको छ । म बारबार संझन्छु, गुन्छु- "६७ साल लेख्दा ममा के को हुरी आएको थियो ? मनको कुन असजिलो, नरमाइलो, कडा विरोध-अनि त्यसबाट पैदा भएको उत्तेजनालाई व्यक्त गर्न र साफ गर्न मन-लागेको थियो ? कसलाई केका निम्ति मैले यो लेखेको हुं ? यी सबै कुराको सामुहिक जवाफ म आफै अहिले यत्ति दिन सक्छु: सर्वप्रथम म २००७ साल पछिको युवक हुँ । मलाई २००७ साल पछिका विवश भएर धमिलिदै र मासिदै गएका सामाजिक, आर्थिक र मुख्यतः राजनैतिक गतिविधिले प्रत्यक्षरूपमा प्रभाव पारेका छन् । तमाम निरपराध नेपालीले झैं तर दृढ चेतना र सक्रिय कार्यवाहीले सुसज्जित भएर, म आफ्नो देशमा सर्वप्रथम दरिलो आदर्श, अनि इमानदारी, देशभक्ति र जति सक्यो बढ्ता उदात्त उदार विचार र कर्मले परिपुष्ट सर्वाङ्गीण उन्नति र विकासको खोजमा छु । शायद यी सबै कुरालाई, समष्टिगत रूपमा पाउन, मेरो चेतन, अर्धचेतन र खासगरी अचेतन मनले, मलाई त्यतातिर घचेडेको

हुनुपर्दछ; '९७ सालको पृष्ठभूमि र उस बेलाको शुद्ध चेतना-लाई पक्रन खोजेको हुनुपर्दछ; त्यस बेलाका ती वीर शहीद-हरूका सामु अरू बाँकी वीरहरूले गरेका कबूललाई संफा-उन वा दोहऱ्याउन मनलागेको हुनुपर्दछ । तबै आजको नेपाली हुँदाहुँदै, भविष्यलाई हेर्न सक्ने खुला मैदान र दृष्टि हुँदाहुँदै, भूतको त्यो अग्लो, उराठिलो र पातलै भए पनि-हरीयो दूबो, काफल, ऐंसेलु र चुत्राका बोटले छापेको त्यो ओह्लाडको घरलाई हेर्न मनलागेको होला, यो मैलो वर्तमानमा त्यो भूतको सरलै भए पनि सौन्दर्यको प्रदर्शन गर्न मन लागेको होला ।

त्यसैले' ९७ साल लेख्न मलाई कसैले सम्झाएको सम्म पनि ह्वैन । न त त्यो आनन्दको बेलामा चेतन रूपले, सउद्देश्य कुनै व्यक्ति वा ग्रुपको नै उतार चढाब हेर्न वा देखाउन यसको सिर्जना गरेको हूँ । त्यसैले मलाई यो अझै पनि, अज्ञात देशबाट, मानो नयाँ तारोको किरण झैं आफूमा आएको देख्दा, अचम्म लाग्छ खुशी लाग्छ र फेरि फेरि पनि के केही कहिल्यै यस्तै थाहा नदिएर ममा आउलाभन्ने नाबालकको जस्तो कल्पना पनि मनमा उठ्छ ।

तर, अहिले त म, विस्तारै आफूले नजान्दा–नजान्दै बनाएको रचनालाई लिएर चेतन बन्ने कोशिश गर्दछु । त्यो चेतनाले मलाई यही भनिरहेछ–'यो '९७ सालमा तैंले भनेका जम्मै कुरा के सत्य छन् ? के त्यसमा गाएका तेरा गीतहरू सब निस्पक्ष छन् ? के त्यसमा तैंले आजको युग–

को मागलाई पनि केही अंशमा स्थान दिएर भविष्यलाई यतातिर आऊ भनी संकेत गरेको छस् ? र तेरा संकेतहरूले नेपालीमात्रलाई सीधा बाटो देखाउन सक्लान् ?".. जब यी प्रश्नहरू मेरा सामुन्ने उभिन्छन्, मलाई अरू कुरा भन्दा पनि पहिले यत्ति भन्न मनलाग्छ:- यी सब गीत आफ्नै मेरा, मेरै लयका मेरै बाजाका र मेरै ढाँचाका छन् । यिनले सबै नेपाली-हृदयमा उस्तै र उत्तिकै ठाउँ पाउलान् भनी कहिल्यै र कसैले पनि भन्ने कुरो ह्वैन । तर यत्ति त किटेर भन्न सक्छु आधार रहितका हावादारी कल्पनाको जग, शरीर र मस्तिष्क '९७ सालको ह्वैन । यो उस बेलाको नेपाली आत्माकै झल्का हो- व्यक्तिविशेषको ह्वैन । नेपाल-ले २००७ साल पार गरिसकेकाले '९७ सालले पछि फर्कने कुरै छैन । उसले आफूलाई जे जस्तो देखाएको छ, त्यस कुरामा कुनै शंका वा दुविधा पनि छैन । यदि यी मूलभूत कुराहरू नै कसैलाई मञ्जूर छैन, ऊ '९७ सालको यस्तो उज्ज्वल प्रतिमा हेर्न चाहान्न भने उसको र मेरो भेट हुने कुरै छैन । सिद्धान्त र व्यवस्थामा सबैको आफ्नो आफ्नो आस्था वा पक्ष विपक्ष हुनसक्छ । त्यसलाई खलबल्याउने वा त्यस-लाई थामथुम पारी मिलाउन वा मिल्न खोज्ने उदेश्य पनि लेखकको छैन ।

\+ \+ \+

'९७ सालले १।२ अरू कुरो पनि मेरो "अहं" सित मागेको जस्तो मलाई लाग्छ । किनभने मेरो सीधा मनले यो स्पष्ट जानेको छ भविष्य र पराईलाई चुनौती दिनु-

अघि, आफूसित ठूलो खजाना तैयार हुनुपर्छ । फेरि भविष्य सँधै नौलो र जवान हुने हुनाले त्यस्तो चुनौती आफू जवान छँदै दिन सक्नुपर्दछ । तर किन हो कुन्नि यी कुरालाई भिच्न खोजे झैं गरी, म र मेरो रचनालाई यही बरदान दिन लागिरहेछु– "यदि '९७ सालले ऐतिहासिक महत्वका– त्यसमापनि राष्ट्रियता र प्रजातन्त्रका बस्तुलाई नेपाली काव्यजगत्मा उतार्ने एक परम्परा बसालेर आज-सम्मको हाम्रो काव्यकलाको मापदण्डमा केही बेग्लै, केही लिऊँ लिऊँ जस्तो, प्रत्यक्ष चेतना दिई अघि बढाउने राज-नैतिक सामाजिक इ० तत्वहरूको समावेश गराउन सकेन भने यो कविता नभइकन केवल '९७ सालको कथा बन्न जाला । त्यसमा लेखकका तर्फबाट कुनै बीचबचाउको कोशिश हुनेछैन" मेरो अहं भविष्यलाई आफैं नियाल्दैछ र उसको निर्णय पनि छिटै नै सुन्न पाउने छ ।

यो '९७ साल ठीक १ वर्ष अघि नै लेखिएको हो । त्यसैले यो मेरो लेखन समयको एक प्रकारले ठीक बीचमा उब्जेको कुरो हो । हुन त कुनै रचनालाई हेर्ने मापदण्ड केवल लेखिएको समय, लेखकको ज्ञानको स्तर, उसको उमेर र परिस्थिति मात्र हुँन । यसमा लेखकलाई खास समयमा, खास कुराले असर गरेको तीव्र वेदना वा झट्का नै मुख्य हो । त्यसैले मैले यसअघि र यसपछि लेखेका ३।४ वटा कवितासंग्रहहरू लिएर जनताको सामु आउनु बाँकी नै छ । ती नै मेरो यस रचनालाई प्रत्येक दृष्टि-

कोणबाट ठीक ठीकसित मूल्याङ्कन गर्ने वस्तु वा आधारहरू हुनेछन् । तर पनि मैले यो रचना सबभन्दा पहिले छपाउने मौका पाएको छु (र म वास्तवमा चाहन्थे पनि यही) र त्यही हिसाबले पाठकवर्गलाई मेरो कलम, भावना र विचारलाई परीक्षा गर्ने यो पहिलो कुरो हुनआएको छ । यो रचनालाई सुन्नेमान्छे एक किसिमले धेरै नै छन् र उनीहरूले यसप्रति जे जस्तो विचार व्यक्त गरेका छन् सो मेरो हृदयमा टाँसिएका नै छन् । आशा गर्छु तीमध्ये ८०।९० प्रतिशत कुराहरू मेरो उन्नतिका निम्ति नै सिद्ध हुनेछन् । अब म चाहन्छु– यस पुस्तकको जति सकिन्छ क्रियात्मक र रचनात्मक तीव्र आलोचना होओस् जसबाट म पनि तिनलाई जति सक्यो चाँडो मनन गर्न सकूँ ।

२०१०-११ सालको कुरो हो– जब म भद्रगोलजेलमा मेरा अरू राजनैतिकबन्दीहरूसंगै श्री कृष्णचन्द्रसिंह प्रधान-सित थिएँ, अरू अघिदेखि फाटफुट लेख्ने गरेको बानीलाई उहाँसंग बसेर मैले निक्कै बढाएँ, उन्नति पनि गरेँ । त्यस-बेलादेखि आजसम्मको मेरो साहित्यिक अभिरुचि र गति-विधिले, मलाई यही लागेको छ साहित्य- त्यसमा पनि कविता नै, मेरो जीवनको मूल क्षेत्रमध्ये एक हो । आज धेरै कवि र लेखकहरू जन्मिसके र भटाभट जन्मँदैछन् । २००७ सालपछिको यो अपूर्व वृद्धिलाई हामीले सजग भई हेऱ्यौं भने प्रष्ट देख्नेछौं– उनीहरूमा केही नौलो शक्तिको उदय भएको छ, फलस्वरूप उनीहरूमा समाज,

देश र अन्तर्राष्ट्रिय जिम्मेदारी पनि बढ्दैछ। ज्यादै तीव्र गतिले यो छिटै छर्लङ्ग हुने पनि छ। त्यस उसले उनीहरू-ले केवल हाम्रो साहित्य–ढुकुटीलाई खँदिलो र भरिलो मात्रै पार्ने हुँन– हाम्रो वर्तमान पङ्गु समाजलाई नै आमूल परिवर्तन गर्न, प्रगतिको संकेत गर्दै हाम्रो गिरेको जीवनको मूल्य– बढाउन- केही नौलो, ठोस र आजसम्मका प्रख्यात, लेखक कवि (जो पुरानो विचार र व्यवस्थाका हिमायती छन्) को भन्दा पनि बेजोडँ शक्ति लिएर केही भन्न र गर्न सक्नु परेको छ : "तलवार भन्दा कलम धेरै बलियो" भन्ने सावित गरी देखाउनु छ। यसको निम्ति लेखको मुटुलाई डाक्टरले भन्दा बढ्ता छामी त्यसको धड्-कनलाई सुनी आलोचकले जवर्जस्त शब्दमा क्रियात्मक आलोचना गर्नु सबभन्दा बलियो बाटो हुनेछ ! शर्त यत्ति छ आलोचकको बिचार र ज्ञान उत्तिकै माझिएको र व्यापक हुनुपर्छ अनि उसले ठोकेर भन्नुपर्दछ मेरो सर्सरी विचारमा आजको नेपाली– साहित्यजगत्ले यही नै मूलरूपले खोजेको छ र यसको स्थापनाबाट यस युग र आउने युगका लेखकहरूलाई ठोस निर्देशन हुनेछ।

\+ + +

अब मेरा आफ्नै आफन्तप्रति केही भन्नु छ। आज तपाईंले मलाई जुन रूपमा देख्नु भएको छ, मेरो जीवनको द्वार जे जति विशाल र खुला छ, मलाई आफै संम्झी जति खुशी लाग्छ त्यो सबैको मुहान श्री पूज्य साहिँला बुवा लवदेव भट्ट र दाजू श्री त्रैलोक्यनाथ उप्रेतीज्यू (प्रिंसि-

पल– कलेज-अफ–एजुकेशन लाजिम्पाट, काठमाडौं) हुनु-हुन्छ। खास गरी शिक्षाको क्षेत्रमा मेरो यति प्रगति हुनु उहाँहरूकै तन, मन, धनको हार्दिक मद्दतले हो ! श्री दाजुका उदार, मनोविज्ञानपूर्ण र गंभीर रेखदेखको फल हो। त्यसैले उहाँहरूको म सदा ऋणी रहनेछु।

मैले पढे, जानेका र सुनेका भरले '९७ सालका जे–जति कुरा लेखेको थिएँ त्यसमा अनेक नौला कुरा– जो मलाई थाहा थिएन– उस बेलाका भोक्ता श्री भू पू उप-मंत्रीज्यू पुष्करनाथ उप्रेतीबाट पाएँ। मैले आफै जोरेका सामग्रीहरू पनि सम्पूर्ण तथ्य–सहित छन् भन्ने कुरा पनि उहाँलाई त्यो कविता सुनाएर यकीन गरें। यसको निम्ति म उहाँप्रति आभारी छु। यसमा रहेका ६ तस्वीरमध्ये खासगरी ४ शहीदहरूको फोटो दिनु भएर भू पू प्र. मंत्री श्री टंकप्रसाद आचार्यले समयको खाँचो पूरा गर्नु भएको छ

त्यस्तै केही थपघट गर्ने सल्लाह प्रिय मित्र श्री खड्गबहादुरजीबाट पनि पाएको हुँ।

विशेषत: कविताको क्षेत्रमा आफूलाई परिमार्जित गर्दै लैजान र निरन्तर संपर्कबाट दिन प्रतिदिन अरू लेख्न प्रेरणा पाउँदै जानमा कविद्वय श्री सिद्धिचरण श्रेष्ठ र श्री माधवप्रसाद घिमिरेप्रति म धेरै मात्रामा ऋणी छु।

त्यस्तै आफू बिरामी हुँदा हुँदै पनि बाउँडिने औंला-लाई तेल मालिस गर्दै यस पुस्तकको एक प्रति पाण्डुलिपि सारिदिनुभएकोमा सम्माननीय काका श्री बासुदेव भट्टमा भारी कृतज्ञता प्रटक गर्दछु ।

अन्तमा, खुल्ला दिलले, बडो सोचसमझका साथ, केही नौलो र राम्रोको आकांक्षा गरेर, जति सक्यो छिटो छापियोस् भन्ने हेतुले मेरो यो ऐतिहासिक खण्ड–काव्य "९७ साल" प्रकाशित गरिदिएकोमा "नेपाल–भारत–मैत्री–संघ" लाई हार्दिक धन्यवाद दिन्छु । यस संघले आफूसित भएको पुंजी यसै गरी नवीन–लेखक-हरूका रचना प्रकाशित गरी उनीहरूको उत्साहलाई खूब बढाउन खर्च गरोस् भन्ने मेरो इच्छा सहितको शुभकामना छ ।

– आनन्ददेव भट्ट

# '९७ साल

## (ऐतिहासिक खण्डकाव्य)

विश्वव्यथाको पूर्वी तहको, एक सिरानी बनी–रहेको
मानिस जस्ता उभिने पर्वत, बोकी बोकी डुली रहेको
फाँट फाँटका हरियालीमा, माछा झैं सललल बग्दो
समीरहरूका झोंक्का चाख्दै, हर्दम स्नायु खुम्चिरहेको
एक सुन्दर नाबालकको, अंस्याहार नेपाल थियो
हरेक प्रभातमा परिवर्तनको, सारङ्गी त्यो बजिरहेको !
देख्यो उसले मानिसहरूका, चेहरामा दौडिरहेको !
अव्यक्त व्यथा खुम्ची खुम्ची, लज्जावती झैं फुल्न खोज्दो
डुल्थे मानिस जसरी डुल्छन्, विचारको रस पिउँदै
दिन्थ्यो मीठो स्वाद अनौठो, जिब्रो सर्प सरी दगुर्दै
भन्थे उनका गिदीमा बस्ने, जीवित सूक्ष्म किटाणुहरू

"कति यसरी बन्दी पारिरहन्छौ? हात उठाऊ जाऊँ जाऊँ!
हेर सुतेका निगालाका, ती त्यागी सुइरे कलमहरू
जसका पुर्खा वीरहरूका, औंलामा हाँस्थे मुसुमुसु
वेग निकल्थ्यो, अग्नि फुट्थ्यो, काला बाङ्गा बुट्टा कोर्दै
नेपालीको अन्तर्दिलको भावना सब मुखरित पार्दै
तिनै कलमका वाणीबाट पृथ्वीनारायण बोल्न थाले
तिनकै शक्ति बुझन सकेर भीमसेन थापा हाँक्न थाले
आजादीको बिगुल ध्वनिमा, नेपालीका बाहु फड्के
पुरुष, नारी औ केटाकेटी, हाँसी हाँसी अमर भए
आजादीको एक कहानी आज कसरी लुप्त हुँदै छ ?
दासताको बेजोड राप, दनदन आगो बालिरहेछ ?
सरस्वतीका वरदानस्वरूप, नेपालीका ताजा बच्चा
सक्दैनन् के सिर्फ चलाउन, दाहिने हातमा औंला ?"

एक करोडका दुई करोड, हातहरू आँखा खोल्थे
दुई करोड ती खुट्टाहरू उनलाई सीधा उभ्याउँथे
सबका छाती ढाल बनिकन एक स्वरले अघि सर्थे
मानो युद्ध छिड्ने आँट्यो, भन्दै सारा लोहा बन्थे
सिरिरिरि सिरिरिरि हावा आई, केशराशिमा विजुली भर्थे
उड्दै उड्दै आकाशमा, कति सुन्दर ती रूप सिगार्थे
हृदय हृदयमा अव्यक्त छटाले डररर डमडम पल्टन खेल्थे
वीरभावका झिल्काहरूले झलमल बाटो खोली–दिन्थे ।
गर्जन थाल्यो चेतनाको त्यो अद्‌भुत सुधो पाले
"के नबढ्ने ? के नछेड्ने ? संग्रामको एक रडाको ?

किन म आएँ, किन म धाएँ, यो मानवको स्मृतिमा ?
के बन्ने मैले पशु समान, बुद्धदेवको जन्मस्थलमा ?
ह्वैन ह्वैन यो जन्म लिएको, एक खोटो कलङ्क होला
यदि आत्माको टङ्कारलाई, मैले आज सुन्न छोड्ला"

यही भावले पुलकित पार्दा, यही रागले झंकृत पार्दा
उभ्भिन आए दुइ बरदान, स्वतन्त्रताका आकासमा

एक थियो नि क्षत्रिय वलले, टड्क तोप झैं हृदय कडा
नसा नसाका ताता झिल्का, फैलाउन खोज्ने पृथ्वीमा
बचन कडा थ्यो, बिचार सफा थ्यो, स्वाभिमानले टल्किरहेको
हिम्मत कस्तो, साहस कस्तो, पावरहाउस झैं घन्किरहेको
क्रान्ति क्रान्तिको स्वर्णिम गीत, पलपलमा त्यो गाइरहन्थ्यो
'दशरथ चंद' यो 'दशरथ चंद', युद्ध घोषमा उम्लिरहेको

आर्को त्यस्तै हृदय-बागमा, स्वाधीनताको फूल फुलेको
हा:हा: हा:हा: हाँसी, हाँसी शुद्ध हृदयको कान्ति छर्दो
ब्राह्मण कुलको युवक दीप, द्रोण भन्दा वलियो मान्छे
डल्ले डल्ले स्याउ फले झैं अमृतको त्यो वर्षा गर्ने
'टंकप्रसाद' यसको स्मृति, दानवहरूसित कुम ठेल्ने !

थपियो अर्को तेस्रो शक्ति, धर्मभक्तको बाहुबल
जनशक्तिको स्वच्छ, पुनीत, आत्मनिर्णयी स्तम्भस्वरूप
मनुजतामा परुषताको, निर्दयी त्यो शानलाई
शक्ति उजाई, एक चुनौती, हाक्न सक्ने मधुरता ली ।

जनजीवनको नाडी छाम्न, हृदय हृदयको धुक धुक सुन्न
पहलमान आयो धैर्यवान यो कल्याणी कलश उचाल्न

दोस्त दोस्त थे यो तीन शक्ति, दोस्तानाका गहिराइले
दोस्ती बढाए दुनियाँसंग, चक्रव्यूह गुप्त रच्न अरे !
आए कैयन् शूरा, बलिया, मुटु कलेजावाला मान्छे
युवकहृदयका फोहोरा बोकी, नयाँ जोशले कुद्ने मान्छे
कर्मयोगी वीरका माझमा, एक दिन दशरथ भन्न थाले:–

"देख्नुहुन्छ यो संध्या बेला, सूर्यदेवको जाने बेला ?
हामी खडा छौं बैठकमा, नयाँ युगको कल्पनामा
राणाशाही हुकूमतका, हामी कट्टर दुश्मन ह्वौं
त्यसकै शत्रुको जात्रा हेर्न, यसरी हामी आतुर छौं !
ऊ त्यो पश्चिमको सानो क्याल, अन्तिम प्रकाशको बाटो हो
हाम्रो संघर्षी जीवनको, कुन् छ साँगुरो बाटो हो
सूर्य साक्षी छ गीता पुस्तक, एक एकको शिर छुन्छ
आज सबैले कबूल गरून्, हाम्रो एकता अमर रहन्छ
हामी कोही तरङ्गी ह्वैनौं, हामी कोही भरङ्गी ह्वैनौं
आजादीको झण्डा गाड्न, अघि बढ्यौं, बढ्यौं
चेतनाको चिराग समाती, देशभरी नै घुम्नेछौं
विश्वासको निर्णयको हामीले सिक्री पक्रेका छौं
लौ खाऔं यो थालीको, फलफूल हाम्रो नेपालको
बाँडीचुँडी नेपालआमा, साक्षी राखी इमानको

हे, देशका सपूतहरूको ! हे, देशका रत्नहरूहो !
आजैदेखि हाम्रो यो तन, मन, धन अर्पियो''
यही भावना गर्जिन थाल्यो, चेतन जगत्का किल्लामा
अनि त आगो सल्किन थाल्यो, स्वाधीनताको आगनमा
बुझ्न सक्ने, हेर्न सक्ने, आँखाका निम्नि ज्योति थियो
स्वच्छ चाँदनी माथिबाटै, चिन्ताको दाहा मेटिरहेथ्यो
वनकाली औ गुह्यश्वरीका, सिम्भूका घना जंगलमा
नेपालका सुन्दर स्वच्छन्द, छहारीका कुना कुनामा
लम्कन थाले युवकहरूका, एकाकार ब्रह्म स्वरूप
कोमल, निर्मल, बल्दा ज्योति, बुद्ध प्रभुको हठ स्वरूप
तडपन औ जलन थियो, केही नौलो शक्ति बटुल्ने
नेपालको छातीमाथि, आजादीको हार चढाउने
एक चिन्तन, एक तनमन, हावामा फटफट उड्दै थ्यो
कस्ले छेक्ने, कस्ले रोक्ने ? यो त समयको आह्वान थियो

× × ×

कैलाशको त्यो मुटुमा यौटा, शान्त समीर उडी–रहेछ !
परीको सुन्दर लवक बोकी, एक भङ्गिमा छोडिरहेछ
स्वर्गपुरीका कल्पित नगरी बेबिलोनका झुलना होलान्
ऐश–नसामा सललल बग्दै, दिव्य उल्लास नाची रहलान्
यो त कान्तिले धपधप बल्दो, पृथ्वीकै यौटा थाली हो
जसमा नानी केटीहरूका, कोमल फूलहरू हल्लिरहेको
बिजुली उज्याला बाहु फ्याँकी, बैठकको आलिंगन गर्छ !
चाँदीको सेतो पलङ उचाली, हृदय उमाली बोलिरहेछ !
सिंहदरबारमा गर्मीमा महाराजको हावा बंगला

यो गद्दी हो महाराजको, जसको छाती प्यार भरी
हेरिरहेछ कल्पनाको रेशमी चादर उडाई
लेटिरहेछन् श्री ३ जुद्ध, बुढानीलकण्ठका विष्णुसरि
सपनाको फाटक खोली आयो एक विचित्र कहानी:-

"हुरुरुरु उड्दै "पुच्छ्रे तारो" गगनभेदी हीरा बन्छ
के उज्यालो सूर्य दिंदो हो ! यसले पृथ्वी बालिदिन्छ
अन्धकारको बिचरो तन्ना, तत्कालै डड्दै राख बन्छ
विह्वल छटाको शीत बिन्दुमा, उही तारो टिलपिलाउँछ;
एक मोहिनी जुद्धनसामा, किरीबिरी चित्र उतार्दैथ्यो
भग्न भयो यो, मेटियो यो, त्रासको घोडा दौड्न थाल्यो:-"

"किन भयो यो किन भयो, के ईश्वरको आसन हल्ल्यो ?
एकान्त अनि आराधना, कसले आज तोड्न थाल्यो ?
आज पृथ्वीका बलिया शासक, के मेरो दाँजो उभिन सक्छन् ?
दान पुण्यको मेरो हवन, हल्ट पारी गर्जन सक्छन् ?
म त राजा नेपालको, हिन्दू धर्मको पहरो पो
पशुपतिको अंगरक्षक, कसले छाती खोल्ने हो ?
जपिरहेछन् तमाम दुनियाँ, मेरो प्रतिमाको दर्शन पाउन
मेरो प्रसन्न अनुहार देखी, स्वर्गद्वारको नजीक पुग्न
के त्रुटि भो मेरो तपमा, के कमी भो उदारतामा ?
जानिन मैले हे भगवान्, मर्जी हवस् शिर चरणमा !"

यो त उनको कातर दिलको, एक अथाह वेदना थियो
वज्र नपरोस् भन्ने भिक्षा माग्ने एउटा पुकार थियो !
असत्यता औ उत्पीडनको, वस्ती माथि व्यङ्ग गर्दै
भन्न थाल्यो बाउन्नेजस्तो एक आकृति फिस्सहाँस्दै:-

"छैन कुनै कमी तिमीबाट नयाँ संसार सिर्जिंदै छ
सिंहदरबार दिनपरदिन, कैयन् जुम्ल्याहा जन्माउँदै छ !
हेर कति ती बगैंचामा, मीठा मीठा फल लाग्दै छन्
एक कीटाणु छुन सक्दैनन्, फाँसीको डोरी देखिहाल्छन्
ईश्वर बोल्दछ ती स्याउमा, लौन मलाई छोडिदेऊ
पहाड मदेश, खाल्डामा, मेरा सन्तति सुक्न नदेऊ
त्यस डाँडाको छातीमाथि, हेर डढेलो लागेको !
लौ न निभाऊ वारुणयन्त्र, लैजाऊ सृष्टि नासिन लाग्यो
कति कुनाका कति भाई, तिम्रा दायाँ बायाँ बस्छन् ?
देखेका छौं कसरी रुन्छन्, जो बित्ताभर पनि टाढा छन् ?
धर्म, कर्मको पुण्यस्थल यो, पाप तापको नरक बन्यो
दिउँसै मानिस आँखा चिम्ली, अन्धकारमा डुब्न पुग्यो
भन्दै छ त्यो "लामपुछ्रे तारो" परिवर्तन 'यहाँ उम्रन थाल्यो!'

नेपालका अगुवा महाराज, श्री ३ जुद्ध अचम्म परे
दान पुण्यको वलिवेदीमा लाञ्छनाले बास गरे
क्रोध रोषको आँधी आई, खोपीको ढाँचा हल्लन थाल्यो
बेहोश बिरामी बर्बराए झैं, आक्रोश निस्की भन्न थाल्यो:-

"दृष्टि दूरमा छाया बोल्लान्, बोल्ने मानिस लाटा होलान्
पापी हृदयका खोपीबाट, श्रापका ज्वाला बल्सिन थाल्लान्
के कसुर लौ यसमा मेरो, जब म साउनको मेघसरी
छाररहेछु सुन, चाँदीका अविरल धारा दरिद्र–माथि
दरिद्रताको त्यो विशाल फाँट, जब मेरो शीतल दृष्टि पाउँछ
उर्वर फाँट लहराए झैं, कसरी सजीव भै बोल्न थाल्छ!
पाप गर्लान् मूर्ख दुनियाँ, यदि परत्रको त्रास छोडी
गिर्लान् आफैं सब नरकमा, यमराजको कोर्रा खाई
राजा हूँ म राज गर्छु, धर्मलाई श्रीपेच संझी
दिल दिमागको सन्तुलनमा, सुन चाँदीको ढक राखी
रुने मानिस कोही हुन्न जो हाँस्न पनि सक्छ ?
पूर्वजनमको लेखालाई, कसरी उसले मेट्न सक्छ ?
हेरिरहेछु भूकम्प पछि, कस्तो राम्रो नेपाल बन्यो
नयाँ स्वर्गको ढाँचामा, जुद्ध सडकको जन्म भयो
हेर्दा होलान् कोही मानिस मेरा नजरले छटपटिएर
छोप्न पाए यो तेजलाई, कति सित्तल ताप्थें उक्लेर
राज गरुन्जेल मिचिराखुँला हेरुँ को त्यो शिर उचाल्छ ?"

× ×

त्यस सपनाको त्यस उडानमा, झूलका झल्लरी उड्दैथे
नानीहरू ती पाउ–निरै, कोमलता वर्षाइरहेथे
बिजुलीका किरणहरूले, मखमली कार्पेट चुम्दैथे
फर्की आनन्द भित्ताहरूमा, आलो पालो नाचिहन्‍थे
गम्भीर मुद्रा जागी आयो जुद्ध श्री को मुखमण्डलमा
अर्को सपना सलामी दिंदै, थाल्यो केही गुप्ती बताउन:–

"किन हो कुन्नि, जागिरहेछन्, दुनियाँका मनमा खुल्दुली ?
बोल्दैनन् ती, हेर्दैनन् ती, केवल बोल्छन् आकृति
असह्य भयो ! असह्य भयो ! अब विस्फोट हुन कर लाग्यो
नेपालीका एक एक आत्मा बलिदान हुने बेला भयो !
चल्ने छैन यो हुकूमको, विष्टाको जस्तो दुर्गन्ध
एक मानिस लाखौं-माथि, घोडा चढ्ने दुष्ट प्रबन्ध
के छ अधिकार जुद्धलाई, आमाका छोरी लुट्ने ?
धर्मशास्त्रकै मर्यादालाई, दानवले झैं कुल्चने ?
नेपालीको पसिनामा विलासिताको पौडी खेल्ने ?
छैन कुनै एकाधिकार, एक परिवारलाई देश चिथर्ने
कुन वीरता अनि योग्यतामा, बन्दछ बालक जर्नेल ?
कुन अपराधको दाग लागी, हुन्छन् नेपाली पाउ दाब्ने ?
त्यो ढुकुटीको 'तीन साँचो' नेपालीको हातमा होस्
दुनियाँ सारा तय गरून्, कहिले, किन यो खोलियोस् !
कानून उसको शब्द, शब्द ,रे 'खड्ग निशाना' पेवा रे ।
नेपालीको तन, मन, धन, वचन उसको इच्छा रे
कसरी वज्ला त्यो नगरा, नेपालीको छाती–माथि ?
फोरीदिन्छौं त्यो जालो अनि आजादी वोल्ला निस्की"

विस्मृतिको अठपहरियाले, फेरि शान्ति पोशाक फेऱ्यो
सुनसान रजनीको माझमा, सुस्त सुरत त्यो डुल्न थाल्यो ।
शायद अहिले अचेतन, हृदय पनि संझन थाल्यो
कति हिसाव पुगिसकेछ, ढड्डा खोली जाँच्न थाल्यो:–

''साँच्चै होला यस छातीको, दुनियाँले रौं नदेखेको ?
के देखे पनि नदेखे भैं टारी मुन्टो बटारेको ?
सुनेन होलान् तिनले कुनै, यो बाघ–घाँटीको गर्जन ?
कसरी मानवहृदय मात्रमा, उब्जाउन सक्दछ कोलाहल ?
होलान् शायद मूर्खहरू, मूढे बलमा हुत्तिएका
आखिर हुन् ती नेपालका, सुद्ध गठिला भेंडा बाख्रा !

तर–

ह्वैनन् ह्वैनन् भेंडा बाख्रा, ती अवश्य होलान् ब्वाँसा नै
शिक्षा भन्ने चश्मालगाई, आए होलान् ती ब्वाँसा
भेंडा, बाख्रा लुट्न भनेर, बरा आनन्दले चरी–रहेका
''चन्द्रदाजू हूकुम हुन्थ्यो, हाम्रो खुट्टामा बञ्चरो पर्छ
कलेजको चौर-माथि, फटयाङग्राले राज गर्छ''
होलान् ती फटयाङग्रा भैं नै, टिटिटि आवाज दिने
ज्ञानकोषमा दूषित हावा, लागी व्यर्थै बौलाउने
अब परमेश्वरको हुकुमलाई, यो छातीले बोकी लड्छ
संहारको बादल ल्याई, विद्रोहीको प्राण लिनेछ ।''

× × ×

आज किन हो ? महाराजको, सूर्य–अगावै सुकला ब्युँझ्यो
बीभत्सरसको कए खोलो,छ्यालब्याल छ्यालब्याल बग्न थाल्यो
अगाध, तीव्र छ यसको वेग, कान फुटाल्छन् यसका स्वर
हुनुनु ह्वाईं ह्वाईं चिच्याई, तोडिरहेछन् शान्ति–विनोद ।

बैठकको सिंहासनले, एक अशान्ति गाइरहेछ
सिसा झल्लरी हल्ली हल्ली, छननन कल्लोल छोडिरहेछ।
भित्ताका ती तस्वीरहरूमा, आक्रोषको छाँया झैं
उडिरहेछ अदृश्य हावा,– शंकाको भारी उचाल्दै
सब त्रस्त छन् महारानी, केटीका ती सुमधुर गाला
चिन्ताको लाली आई, छोडिरहेछ किरण अनौठा
वाक्य वन्दछन्, भयका भूतहरू गर्जिरहेछन्
मशान कुर्ने अघोरी झैं भयंकर नाच देखाउँदैछन् !
'के भएको ? के हुनेछ ?' छैन कसैलाई पत्ता
चली रहेछ मनमनमा, प्रश्न गर्ने जोरको धक्का,
अठपहरिया ढोकाबाहिर, संगीन च्यापी उभिरहेछ
खोपीभित्रको चलबलको, सूक्ष्म आभास पाइरहेछ
हजूरिया एक जर्नेल आई, दर्शनको विन्ती बिसाउँछ
तर नाजवाफ अति सशंकित ढोकैमा त्यो कुरीरहन्छ
महाराजको अस्थिर तन, छटपटाई उठ्न खोज्छ
महारानीको स्पर्श पनि, आज किन हो फिक्का जँच्छ ?
हुकूम भयो महाराजको,– "भन्दे, अहले दर्शन छैन"
ओडाहाले उफ्री भुइँमा गोडा दुईले कसरत गर्छन्
डुल्दै डुल्दै आक्रोश वर्गछः–

"हाम्रा हजुरका घामलाई, छेक्ने रे जँरे हुस्सूले ?
यस श्रीपेचका ज्वालासित, आँखा जोर्बे जँरेले ?
थाह छ किन यो जुद्ध जन्म्यो नेपाली राजकुलमा ?

आगो झोस्न, आगो फोस्न, खरिएका खरका भीरमा;
कत्रो सेखी ! कत्रो फूर्ति ! ती नालका कीरासंग !
कत्रो हिम्मत कत्रो ताकत, छेरुवा किताबे कीरासंग;
यी ! देखेका छन् तिनले के ? पिस्तोलको सानो मोहरी
कसरी छेड्दछ यसले छाती, तातो रगतको धार पिई ?
अन्याय भयो रे, अत्याचार, बढ्दै बढ्दै उम्लिन्छ अरे
नेपालीका छातीमा सब, घोर आपत बैरिन्छ अरे
बोल्न मिलेन, मुख थुनियो जीवन आकांक्षा टुट्न गयो रे
देख्लान् पाजी भुसुनाहरू कति कराउन सक्छन् अहिले
जब वर्षेलान् ती सुइखुट्टे, पातला आङमाथि कोर्रा
अनि बोल्लान् अघाउन्जेल, यै हुनेछ आजादी–सोडा''

थर्कमान छन् कोमल परीहरू, त्यो गर्जन मुटुमा गाडिएर
कानका गोल छिद्रबाट, अनायासै घुस्न पुगेर
थररर काम्दै महाराजका, गोडाहरू लुगलुगिन्छन्
''ए किस्ने ! यहाँ सुन्'' भन्ने हुकूम जाहेर गर्छन्;
कृष्णबहादुर अठपहरिया, राइफलसहित सलामी दिन्छ
'बीर गोर्खाली' सिपाहीको, पोजिसनमा उभिरहन्छ ।
'भन्दे, मेरो हजूरिया– 'गोबरगणेश' लाई अहिल्यै
राजद्रोही घुमीरहेछन्, पक्री ल्या जिउँदा जिउँदै''
''जो हुकूम प्रभु '' भन्दै, किस्ने सलाम ठोकी पछि सर्छ
फरक्क फर्की फुटबल झैं, ढोका अघि झैं ढप्काउँछ !

\+ \+ \+

उड्न थाले आकाशमा ती, नयाँ जोशका पंछीहरू
मधुप्रभातका लालिमामा रंगिएर विमान स्वरूप
प्रकृतिका नयाँ लुगामा मोहित थे सब प्राणीहरू
कोशिश गर्थे सिंगारिन, वँशे-जोडा थापी गुरु;
के थिएन उल्लास नभमा ? निर्मल आकाशको तनमा
चिरबिराहट गुञ्जिरहेथ्यो, अभियानको हावामा
सररर उक्ल्यो सूर्य उता, आक्रोशको ज्वाला झैं
मानो रगत उम्लिरहेथ्यो, हिमालयको चमक झैं
आजको यो दिन विचित्र, आजको यो राग विछट्ट
फेरि नौलो दिव्य अर्ति, जनताको काखमा छ ।

पुलिसका ती राता फेटा आज किन हो मलिन छन्
उनका आकृति शंका, त्रास बोकी झन् झन् गंभीर छन्;
भेटिएछन् कागजका छाती छोप्ने नौला टुक्रा
राता राता अक्षरले, झलमल झलमल बलीरहेका,
यो त थियो ए ! क्रान्ति निम्ति, नौजवानको आह्वान
परिवर्तनको वेगमा पौड्ने, लालसाको मध्य उडान;
नेपालीका हृदय हृदयमा, केही नौलो बीज रोप्ने
जसका चिल्ला बिरुवा होलान्, मीठा फूल औ फल दिने;
भयका झिल्का पोल्दै छन्, पुलिसहरूका आत्मा
के हुने हो ? के यस्तो हो ? श्री ३ जुद्धको उदयमा ?
भन्छ उनको कोमल आत्मा, "के होला यसमा लेखेको
किन बौलाए मानिस यसरी, यमराजलाई निम्त्याएको ?

दाखिल हुन्छन् एक एक पाना, महाराजका खोपीमा
मानो रगत पोती भन्थे :–
"अब आयौं हान्न निशाना
संझन्थ्यौ होला संधैंभरि, अन्धकारमा राज गरौंला ?
फूट गराई लूट गर्ने ✱मामाको नीति बिछाईरौंला
यो नेपाल हो जहाँ बस्छन् वीर आमाका छोरा
छोड्ने छैनन्, भाग्ने छैनन्, नभराई पूरा हर्जाना
खुब चुसेथ्यौ दुनियाँलाई, आँपका गुलिया कोया झैं
आइरहेछन् तिनै कोया, चट्टानका छोरा बन्दै"
बगिरहेथ्यो नगरीभरमा सनसनाहट एक धारा
शरीरभरका रौंलाई, उभ्याई मानो पहरा
वादविवादको आँधी चल्यो, झुप्रादेखि पक्की घरमा
घुइरी घुइरी नेपालीले, गुन्न थाले जीवन गाथा:–
"अब बिध्वंस अनि रगत, देखिनेछ यी गल्लीमा
कति घरमा बज्नेहुन् कोलाहलका, नाश नगरा
हुन्न हुन्न अब यो देशमा, शान्ति औ समृद्धि कतै
हुन्छ यहाँ माराकाट शिर र गींडका थुप्रा मात्रै
भन्न सकिन्न अझ के होला ? कति पहरा गल्लीमा बस्लान् ?
एक एकका घाँटी च्याप्दै, गोलघरमा मेला लाग्लान् !"
चेतन मनका चेतन मूर्ति, गुप्त रही छलफल गर्थे:–
"आयो बेला केही गर्ने, आमाको इज्जत रक्षा गर्ने

✱ अंग्रेज साम्राज्यवाद

हेर कसरी खुम्चिएकी, हाम्री गरीब नेपालआमा !
बुजो लागो निसास्सिएकी राक्षसहरूका घेरामा !
प्राण उड्ला प्राण उड्ला, ठूलो कलंक अपहत्या होला
मातृभूमिको दीप निभेमा, अन्धकारमै रोइरहौंला,
भन्छ पर्चा "आऊ आऊ !" नेपालका रगतवाला
जति सपूत छौ कम्मर कसी, बलिदानको यै हो बेला
देश डुब्यो, लौ देश डुब्यो ! प्रलय यहाँ आउन लाग्यो !
एक धरानिया स्वार्थताले, हाम्रो मासु छाला काड्यो
कसरी सहने ? कसरी हेर्ने ? हेर त आगो सल्केको
कैयन् निमुखा प्राणीहरू, दिनहुँ पशुपति पुग्दैछन् ।
"चिता भन्ला हार खाएँ, सक्तिन अब यो भारी बोक्न
फर्काऊ यो सब लासहरू, मेरो घरमा बासै छैन ।
मसान जागी झगडा गर्ला, कसरी मैले पारी तर्ने ?
लास मात्रको भार उचाली, कसरी मैले गोडा सार्ने ?
जाऊ,, मरेका ज्यूँदा मानिस, सक्दिन हेर्न तिम्रो अनुहार
तिम्रो लाछी मुख देखी, घट्दछ मेरो बल अगाध !
के ढुङ्गा हुन् ती तिम्रा सन्तान ? जहाँ संधै टोपा लाग्छ
चोइटाका चोइटा ढुङ्गाले' बेहोश भै उछिट्टिनु पर्छ ?
अल्छीका ए पिण्डहरूहो ! पशुताका हे, प्रतीकहरू हो !
लाज पचाई लुरुलुरु हिंड्छौ यही के तिम्रो मानवता हो ?
छैन छैन अब हामीलाई, यस पृथ्वीमा कतै स्थान
उड्न सके यस जमीनबाट, मात्रै होला पुनरुत्थान !"

क्रान्तिकारीका जमातहरू अर्कै धुनमा व्यस्त थिए
राणाशाही अन्त गर्न बन्दूक पिस्तोल जम्मा गर्थे !
कत्रो विशाल यो पृथ्वी; कत्रा चौडा ती छाती
एक एक लडाकू गाडिरहेछन्, बनकालीमा शस्त्रहरू
थाहा छैन, को कस्तो हो ? कुन डिग्री कसमा झुण्डेको छ
एक भावना एक वेदना, हर्दम क्रान्ति गाइरहेछ !
नेताका प्रत्येक वचनमा पृथ्वीका पुस्तक सिद्धिन्छन्
एक धापमा एक आशमा, प्राण–पखेरु चलबलछन्
कवि–कल्पना के उड्ला ? तीव्र बिजुलीझैं दौडेर
वीरहरूका हृदय कुद्छन्, आफ्नो कर्तव्य उचालेर
यो त थियो नि यौटा युद्ध, योद्धाहरूले हाँकेको
निःस्वार्थ चमकमा उदाएर झकझक झकझक बल्दो
प्रसन्नता त यसको ढाल, आत्मविश्वास लाग्ने खुकुरी
नेपालको बन्धनलाई तोड्ने यौटा बज्र सरी ।

\+ \+ \+

अब

एक प्रलयको नृत्य शुरू भो, पृथ्वीमा यौटा खेल शुरू भो ।
घरपकडको ववन्डरमा, नाशको बाजा बज्न थाल्यो
नयाँ कहानी, नयाँ भयावी, उन्माद सिर्जन थाल्यो
काठमाण्डुको छाती-माथि, रातो म्यान दगुर्न थाल्यो !
रात थिएन यहाँ कुनै, दिनभन्दा पनि चम्कन थाल्यो
एक एक घरको ढोकाले, कुन्दाको आवाज सुन्न थाल्यो
बन्दूक, पिस्तोल, संगीनले आफ्नो फूर्ति देखाउन थाल्यो
खाकी पोशाक अफिसरको मानो गदगद हाँस्न थाल्यो

अस्त अस्त थे दुनियाँका एक एक साना ठूला प्राण
सडक, गल्लीमा हिँड्दा छिप्ता, अस्पष्ट भस्का हर्दम साथ ।
आज कसैका नजरहरूले, उभ्भी चम्कन पाएनन्
दुइ तीनका व्यथाहरूले, मिल्ने साहस गर्न सकेनन्
पृथ्वीको सृष्टि नासिदैथ्यो गह्रुंगा बूटका दम्काले
कदम कदमको भार वढी भैं, ढुङ्गा माटो उप्किरहेको
प्रेमीहरूका कम्पित हृदय, बीचबीच भै दौडिरहेथ्यो–
बिछोडको त्यो वियोग वायु, सनसनाई मच्चिरहेथ्यो,
गारतका गारत तैनात थे, शहरका जोर्नी जोर्नीमा
श्मसान यो भन्नु हुँदैन, मलामीका हूल थिएनन्
आवादी पनि यो ह्वैन, आवाज सबैका बेपत्ता छन्
के हो कुन्नि ? पृथ्वीको यो एक सानो सिरानीमा
के नाच्दै छ ? को खाँदै छ ? वग्दैनन् थोपा रगत नसामा
अरु विचित्र दृश्य त अर्कै, जहाँ विद्रोही खोजिन्छन् !
राजभवत ती पशुहरूका नाकहरू सुंघ्दै आउँछन्
मानो यहाँ आत्महत्या, भयो क्या रे अचानक
अनि त यसरी फौजहरू घेरि–रहेछन् सिङ्गै घर
तर ह्वैन केही यस्तो चाहिं, यहाँ त योटा फिलिङ्गो रे
झिलभिल भिलभिल बलीरहेथ्यो, कूडारुकंट पोल्न अरे
यही फिलिङ्गो बेपत्ता भो, यही तेज कतै उड्यो
छोप्नुपर्‍यो रे होइन भने, सिहासनै डगमगिने भो !
यो सानो घरको सानो काया एक लाश भैं उभ्भिरहेथ्यो
यस सिनोमा धावा बोल्ने, गिद्ध–राजको हुकूम थियो

किन चुकुन् ती ? किन हट्न् ? भय कसैको कहाँ थियो ?

इच्छाधीन विषय पढे झैं लाशको चोक्टा झिक्नु थियो
महापुरुषको राजपुरुषको तरङ्ग अब लहरिन थाल्यो
समुद्रका ती तुफानले झैं, लाखेनाच देखाउन थाल्यो
एक एक कोठा चोटाहरूले, बूटको जब्बर थप्पर चाखे
खाट, डसना, दराजहरूले मजबूरीको धावा खापे
सिलिङहरूका कम्मरमा, खुकुरीका धार बज्रन थाले
रंगीन भित्ता, इट्टाहरूले दृश्य मेटिने धूलो फ्याँके
दानवी उद्गारलाई, साँच्चै नौलो मशला मिल्यो:–
'अहा ! भेटियो बिद्रोहीको कालो करतूत लुकेको
हेर कापी लेखिएको, नेपाल आमा रोइरहेको''
एक सानो फोटो भन्छ, मै हुँ उसको बिद्रोही गुरु
दिन रात सिकाउँथे उसलाई, अनेक जादू मन्त्रहरू''
भागि–सकेछ दौडी–सकेछ, बिद्रोही त अघि नै
शायद उसको आत्मा होला, त्यस सानो घ्यम्पोभित्रै
ह्वैन, ह्वैन, यो चौंठोमा, ऊ झैं केही बोल्दै होला
झिक झिक बिर्को हेरौं त्यहाँ जरूरै कोही बस्ला''.

हेरिरहेछन् साना बच्चा, कौतूहलले उम्लेर
के गरेको ? के खोजेको ? त्यो रित्तो भकारीभित्र
राजपुरुषको महान खोजमा उपहासको सृष्टि गरे झैं
बोल्यो एउटा सानो बालक, कटु सत्यको सास फेर्दै:-
''ह्वैन त आमा, अस्ति मात्रै, हामीले मूसा मारेको
मुसेटोले उसको थुतुनो च्वाट्ट काटी रगत बगेको ?''

मातृनयनमा अश्रु बिन्दु ती टलबल   चम्की भन्छन्:-
कठै कस्तो खोजी हो यो ? के कन्तुरमा पनि मानिस लुक्छन्
कता गयो लौ हाम्रो इज्जत, कता गयो लौ हाम्रो प्यार ?
यस पुरानो घरको छनो, कसरी टाल्ने उम्निनासाथ ?
के पस्यो यो हाम्रो घरमा ? भूत भनौं यी मानिसलाई ?
नत्र भने किन छटपटाउँथ्यो, हाम्रो हृदय यसरी  तर्सी  ?
के छैन होला यी कसैको, आफ्नो प्यारो सानो घर ?
त्यसको रेखदेख गर्ने यौटा, हिम्मती छोरो जब्बर
यिनका घरमा आमा, बुहारी, सहन सक्लान् यो बिचल्ली ?
त्यो घरको जगले खप्न सक्ला, कतै यस्तो जबरजस्ती ?
तब किन यस्तो राक्षसले झैं, गर्दछन् यो हानथाप ?
दुनियादारको कच्ची घरमा, छरिरहेछन् हाहाकर !"

आज यौटा छाप्रो छैन, जसले शांति र चैन पाओस्
यी पशुहरूका धावाबाट, बच्दै खुसीको गीत सुनाओस्

\+ \+ \+

बिफल भयो नि बिफल भयो, क्रान्तिकारीको अरमान
उनको फलामे छातीमाथि,वज्रन थाल्यो अभिषाप
ग्वारग्वारती ल्याइन थाले, वीरहरूका तातो तातो
लात बजाई कोर्रा हानी, कठालो औ टुप्पी समाई
हाय ! गिर्यो बीरहरूको, आजादीको अरमान
उमेर नपुग्दै चुँडिन थाल्यो, उनको आशा औ अभियान
कर्म चोखो, हृदय उज्यालो, उनको यो अभियान थियो

अन्यायको चाङ लागेको, चित्तामा आगो लाउनु थियो
जनबलको गुम्फित ज्वाला, राम्ररी त्यो फुट्न सकेन
चेतनाको अङ्कुरले पनि, कठोरतालाई चिर्न सकेन
नेपालीको करोड दिल, करोड धार बन्न सकेन
छिटफुट छिटफुट धारहरूको, मार गहीरो जम्न सकेन !

एक कारण अर्को पनि लौ, आज कसोरी थपिन गयो ?
दुइ कुरूपी दुष्टहरूले, यस मंडलीमा घुस्न पुगेको !
धरतीको माटो, पानी, आमाको दूधलाई
चुस्दै चुस्दै थुन्न भनी, आएका यी दैत्यहरु
मानिस ह्वैनन् जीव हवैनन्, धरतीका लाल ह्वैनन्
बहुत धूर्त, कपूत कहाँका, हदभन्दा पनि बेशर्मी !

यौटा चाहिं वीर पुत्रकै, भाई भै त्यो नक्कल गर्ने
क्रान्तिकारी, जोशधारी, बात मार्दै क्रान्ति मार्ने
भन्थ्यो शैतान वीर साम् गुप्तिकार्यले के गर्ने ?
झन्डा बोकी अघि सर्छु म, अरु भाइले साथ दिऊन्
राणाहरुको प्रथम दलाल, इमान्दार टट्टूथ्यो यो
तब त बाँच्यो दण्डविना नै वीरहरुको शिकार गर्ने !

कस्तो अनुहार अर्काको, छद्म भेष त्यो हरामको
धोती फेर्ने, टुप्पी पाल्ने, चन्दनले निधार पोत्ने
गीताको बाणीलाई जानाजान भुल्न खोज्ने ।

के भनौं ल यसको नाम ! दुर्गन्धी घृणित काम
सुब्बा बन्ने, धन बट्ल्ने, बेइमानको नौलो अरमान,

यिनै पापी, देशद्रोही, मुहान बने रहस्य खोल्न
तबै जान्यो राणाशाहीले, प्रथम क्रान्तिको गला घोट्न,

दासताको भित्तोमाथि, तैपनि बलियो लात कसियो
क्रान्तिकारीको शक्ति र शाहस, गर्जी गर्जी लम्किरहेथ्यो !
नेपालीको एक जनमको, यो गर्वित राग थियो
सर्वप्रथम मुक्का तान्ने वीरहरूको अनुराग थियो
कसरी टुटयो, कसरी फुट्यो ! यो विषादको भेल थियो
पश्चात्तापको अग्निज्वाला अब छिटै कसरी निभ्थ्यो !
सूर्य हेर्दथ्यो, चन्द्र देख्दथ्यो, यो सफलताको अवसान
चिन्ताका ज्वाला उम्लन थाले, बाली बेचैनी चिराग
एक छिनको एक दिनको, निम्ति चराको बेग टुट्यो
साहसको समुद्रमाथि, पखेटा चाल्न कठिन भयो ।
तर–
हेर गजब ! लौ हेर गजब' 'दशरथ चन्द' को अनुहारमा
दायाँ बायाँ मुस्काइरहेका, 'धर्मभक्त, अो 'गंगामा'
ख्वै त रेखा खिन्नताको, ती हिम्मती गालामा ?
बली–रहेछन्, चंकिरहेछन्, शिरस्थानका ज्वाला झै
अझै सजीव छन् अझै प्रकट छन् प्रसन्नताका मुहान झैं
कति अत्याचारका ज्वालाले, तिनलाई झुलस्याउन खोज्ला
डढ्ने छैनन्, निभ्ने छैनन् नेपाल आमाको काखमा !

सिंहदर्बार पाटङ्गीमा एक अद्‌भुत नक्सा हेरिरहेछ
जान्दैन कोही, किन यो यसरी, ठिङ्ग उभिई घोरिरहेछ ?
हेर्दा मानिस भन्लान यो, राजकुमारको मैदान हो
जहाँ हलुका भकुण्डाहरू, उठछन् मानो ब्यालुन झैं
अनि बाँका ती दुई खम्बा गोलपोष्टका चिन्हस्वरूप
पर्खिरहेछन्, कहिले आउला ? भकुन्डोको सुन्दर रूप
ह्वैन ह्वैन त्यो एक अर्कै, संहारको साधन हो
अत्याचारको रेखा कोर्न उभ्याइएको पाले हो
अलि बेरमा बग्नन् यहाँ, रगतका निमुखा धारा

चारदिवारी चतुष्कोणमा, झुल्किरहेछन् झ्याल झ्यालमा
कौतुहल, औ त्रासमा खोली, परीहरू आफ्ना तीखा आँखा
आज यौटा ठूलो जात्रा, यस रंगमञ्चमा देखाइनेछ
नेपालीको जीवनसंग खेलबाड गर्ने जाल यहाँ छ
पश्चिमको त्यो ठूलो बैठक, आज मानो हात्ती बन्छ
महाराजको सिन्दूर जात्रा, गर्दा जो खुशीले लस्कन्छ
नरम कौच, सुन्दर कार्पेट, खुसबूले आत्मा मोहित पार्छ
उपहार उमंगी बाँडी बाँडी, सारा भारदार निम्त्याको छ
बिजुली गारत घेरिरहेछ, त्यस बैठकको पालो घेरा
बहुत सतर्क मृग झैं त्यो नयन सर्वत्र घुमाइरहेछ
हो हो आज यहीं हुनेछ, एक क्रान्तिको अवसन !

कुन अचानो खोजी ल्याई, खडा हुनेछ यहाँ मसान
यो न हो लौ खूनीहरूको, एक भयंकर बैठक
एक लवजमा शब्दशब्दमा, मच्चिनेछ उथलपुथक
हेर, छेउका कुना काप्चीमा, कोच्चिएका क्रान्तिकारी
बाँधिएका बाघ डोरीले, मानो हुन् ती अत्याचारी !

अब सवारी भो महाराजको, चमरहरूको शीतल ताप्दै
हीरा मोतीले झलमलिएका, ताराहरूको सरि वस्त्र पहिन्दै
उनको ज्योति, उनको क्रोध, भारदारको हृदय उमाल्छ
सबले उठ्दै "सर्कार ! प्रभु !! " एक शब्दमा स्वागत हुन्छ !
धीमा चालमा, गर्व छातीमा, क्रोध, रोष ती नयनबिन्दुमा
एक विशाल काया उक्ल्यो, हेर उज्यालो सिंहासनमा !

उठिरहेछन् भारदारका, ती क्रोधी काला काला आँखा
नसाहरू ती फुली–रहेछन्, निमोठ्न घाँटी विद्रोहीका
राखिएका बिचरा ती युवकहरू त्यस कुनामा
मानो अस्पृश्य वस्तुहरू हुन्, घृणाको ढक्कनले छोपिएका !
भारदारका नाकका पोरा, फुर्दै फुर्दै गोमन बन्छन्
मूसा निलेका घाँटी जस्तै, राँकिएर फुट्न खोज्छन् !
रुद्रघण्टी छटपटिएर, तलमाथि दौडिरहन्छन्
पागल झैं नरमाइला गीत गाई अमङ्गल रोप्न खोज्छन् !
अब महाराजको हुकूम हुन्छः–
"अँ! कहाँ छन् ती शैतान ? ......

गाथ गादी तावन खोज्ने, यस कलि जुगका वरदान
नजर गराओ हाम्रा हजूरमा, भस्म पारुँ तिनको शव
उठेका रे होइनन् ती राजद्रोहको पर्दामा ? ..... "

अंगरक्षक एक हजुरिया, जुरक्क उभिई बिन्ती गर्छ:-
"सर्कार ! यहीं छन् ती कुक्कुर, नजर गराउन घिन लाग्छ !
यी त प्रभो के बिन्ती चढाऊँ ? यमराजका दूतहरू हुन् !
अब तैयार छन् कोर्रा, लात, खाई तोरीको फूल देख्लान् !

एक यही हो शुण्डमुशुण्ड राक्षसको अनुहार जस्तो
आँखा नदेखी चश्मा लाउने नाम हो बेइमानको 'दशरथ चंद
डीलडौल श्री कुलमा सर्कारको पक्का सेवक जस्तो
तर घमण्डले जरखरिएको नजर होस् अनुहार यसको !

"अर्को महाराज ! यो काले, कुलाङ्गार मशानको
भूतप्रेतको शाखा सन्तान, नाशको मूर्ति जस्तो !
अहंकारले मोट्टाएको कसरतले कस्सिएको
मानिस मात्रलाई तर्साएर, यतिको सुरिलो बनेको !
नजर होस् यसका साँप्रा यी भुस्तिघ्रे खुट्टा
छाती नै छ क्या ठूलो मानो फलामे तावा
क्या मजा होला यसमा आगो सल्काई रोटी सेक्दा
कति छिटै पाकिहाल्लान् ! जोगीका भुप्रे रोटी जस्ता
पहलमान रे पहलमान रे ! यो पाजी कहाँको न्यावार !

कसरी कुन्नि सिक्यो कुन्ती फ्यांकी आफ्नो कातर स्वभाव
भन्छन् यसलाई 'धर्मभक्त', पापको गहिरो महाकुण्ड''

अरू त प्रभो ! यो भेडा बाख्रा, प्रत्येकको गिन्ती नै के छ !
सब पशु हुन् घाँस खाने, खप्परमा गिदी शून्य छ
आज परे फेलामा गरिप्रभो ! अब कसरी यिनले काल काट्ने ?
कति बुद्धू उपर त टीठ लाग्छ तर सजायँ नभोगी कहाँ भाग्ने ?

अँ, प्रभो ! माफी पाऊँ, बिर्सेछु यौटा मूला गन्न
सानो भए पनि ज्यादै पीरो, बिन्ती नगरी सुख्खै छैन
बिच्छी हो यो बिच्छी हो, बिषको सानो थैलो
हेर्दा कस्तो कलिलो केटो ? तर छ पहिला हात घुमाउन
अस्ति मात्रै हो लौ, यो गधा इन्द्रचोकको
डब्लीमाथि उभिई भन्थ्यो–नेपालले परिवर्तन खोज्यो
उठ ! उठ ! ए, नेपाली हो ! अन्धकारले लाटो पाऱ्यो
हाम्रो गाँस हाम्रो बास, हरी हरी दुर्गति ल्यायो'
भन्छन् यसलाई ती चोरहरू, 'गंगालाल, गंगालाल !''

\+ + +

वातावरणमा अर्कै हावा, अब हुत्तिएर बग्न थाल्यो
महाराजका तेर्सा जंघा, सर्वप्रथम हल्लाउन थाल्यो
''गोबर गणेश' औ जम्बुमन्त्री' उफ्री उफ्री हेर्न थाले
'गोपाल' को त्यो नपुंसकताले अहिले केही शक्ति पायो
गुरु पुरेतका टुप्पीहरू, चाँदतोडाभित्र हल्लिन थाले

हृदयकण्ठ औ जिब्रोले, राजद्रोहको दण्ड पढे
चिम्से बाहुन–आँखामा पनि, क्षत्रीको उस्तो राग आयो
आफ्नो छाती हेरी हेरी मत्ताहात्ती झैं घुम्न थाल्यो,
जुठो भुजा चाख्ने अरूहरु, भारदारको बुद्धि बसेन
मानो अन्धो सर्पजस्तै, बस्ने कुनै स्थान रहेन
प्रत्येक हृदयमा गुनगुनाहट, एक सुरले घुइरिन थाल्यो
शिवरात्रीको मूढो झैं त्यो ताप छोडी जल्न थाल्यो !

तेलिएका जुँघा चम्के, बिस्तारै मानो उठ्न थाले
उनका संगी झैं रौंहरू ठाडा ठाडा देखिन थाले
महाराजको आसन हल्ल्यो त्यो तीस धार्नीको लचकमा
बाक्य फुट्यो पाकेको घाउ, आफैं फुटे झैं हावामा:–

"ठीक भनिस्, अँ ! ठीक भनिस् हाम्रा हजुर्को चित बुझ्यो
यी पाजी सब हुन् कत्लघरका, मेहमानहरू, याद आयो !
के त्यो ह्वैन ? चश्मे ठकुरी, हाम्रो कुलको सेवक दास
आज कसरी उछिट्टिएछ ? दुर्मतिले गर्दा होला लाश

"पहलमान रे आर्को चाहिँ ? कहाँ त्यसले सिक्न पुग्यो ?
हाम्रा हुकुमको प्रमाङ्गीविना, कसरी त्यसले मुकदल छोयो ?
शुरुदेखिकै दुष्ट रहेछ, यो पनि स्यालको तर्कारी बन्यो
खूब केर्नू, खूब मथ्नु, एक एक नौनी रहुन्जेल
खूब चुट्नु, खूब लुछ्नु, एक एक कृत्य लुकाउन्जेल
देशद्रोहको आगो ताप्ने, कलियुगका यी कंगाल !

टी. बी हैजा छारे रोगले, मर्न नसकेका जंजाल
छर्न नपाऊन् कतै यिनले, महारोगका कीटाणुहरू"

\+ + +

राजकुमारको हाहा हूहू फुटबलको त्यो रन्का
पर्दै झ्यालका परीहरूको उल्लास भरेको खित्का
हेर्ने, सुन्ने, सुरमा शायद, उभिभरहेथे बाँसको खम्बा
अब टाँगिएका युवक–हृदयका सुन्न थाले बीर भावना
लाम लागेका यमदूत जस्ता, अठपहरिया कैयन् उभिभरहेछन्
कहिले थाक्ला पहिलो साथी ! यत्ति सुरमा उम्लिरहेछन्
हतार हुँदैछ, हतार हुंदै छ, तर के गर्ने खै पालो ?
बीरहरूको शौर्य देखी कोर्रावाल झन् कसिन्थ्यो
क्रोधको एक एक करेन्ट आई, च्यास्स च्यास पोली भाग्थ्यो
पशुताको अन्तज्वालामा घिउतिलको हवन चल्थ्यो
चलिरह्यो यो क्रम निरन्तर, कोमल परी ती नानी सामु
बोरमाथिको अत्याचार, डामिरहेथ्यो उनको छाती
शायद यो नै त्यस महलको, असीम व्यथाको पानी !
सिस्नो पानी, कोर्रा हानी चाहन्थ्यो चुक्की राणाशाही
वीरताको यस समरमा, बीरहरूको पानी झारी
एक बीरले धैर्य छोडे, आत्मबलले सहन छोडे
स्वतन्त्रताको बलिवेदीला, घोकाका दुई चार छिटा फ्यांके
बर्षनेथ्यो भुक्तिमुक्ति नयां जीवन सृष्टि गर्ने;
तर–
प्रश्न मात्र थे एकोहोरा, ती सोध्ने सुब्बाका मुखमा

थिएन जवाफ वीरहरूको, चलिरहेथ्यो अनगिन्ती कोर्रा
दाह्रा किट्दै जर्साबहरू, अत्याचार बर्षाइरहेथे
महाराजका भयभीत नेत्र रक्तसिन्धुमा पोडिरहेथे
यत्रो सर्जाम जोर्न सकेर, वीरहरू ती हाँसिरहेथे
क्रान्तिको त्यो गुँडलाई, रक्तधारले छोपिरहेथे !

भुईं लाल थ्यो, कोर्रा लाल, आखिर हान्नेको कपडा लाल
करुण भाव ती उज्जन थाली, नारीहरूका गाला लाल !
लाल लालको लाली थ्यो यो, लाल नेपाल पार्ना निम्ति
हेरिरहेथे अत्याचारी, आंखाहरू पनि थाकी थाकी,
कसले पायो होला, सयभन्दा पनि कम कोर्रा
तर कसले भनेन होला गर्जी, दुई सय बढी भाव अनौठा
बसिरहेथे वीरहरूका कण्ठस्थलका मोहरीबाट
"अत्याचारी नास गरौंला, नेपाललाई मुक्त गरौंला"
यस्ता चर्का यस्ता ताता, शब्द रुपका गठिला गोली
छोडिरहेथे महाराज औ भारदारका छातीमाथि
अब के हुन्थ्यो, व्यर्थ थियो, केवल तनको रक्त बगाई
कपोलकल्पित दोषहरुमा, लिइयो बूढी औंलाको सही
मूर्छित नेता नेपालीका, हेरिरहेथे अत्याचार
जगको निर्मल आत्मा भन्थ्यो, यो त भयो है सीमापार !
थररर काँप्दै भित्रभित्रै, पापी आत्मा बरबरायो:-
"गयो अब त्यो अत्याचारको, अघि अघि झैं पोल्ने राप"

+ + +

दुई महीनाको चीसो स्याँठ, दुई महिनाको फिक्का घाम
काठमाण्डूको बाक्लो कुहिरो, छोपिरहन्थ्यो नगर तमाम
हृदय भएका कोमलता, पालीपाली हुर्केका
जीवनको गर्वित शक्ति, देश–भक्तिमा अर्पेका
वीरहरू नै स्वप्न सक्दथे, छेरुवाहरूको धैर्य कहाँ ?
हेर्नोस् यौटा एउटा जेल यहाँ छ, सिंहदरवार बोकिरहेछ
सृष्टि गर्ने आमाले झैं, कष्ट भोगी डुलिरहेछ
'रेडियो नेपाल' बोल्दछ आज, उसकै काखमा पल्टेर
नेपालीका पयर टहल्छन्, संगीतको राग लिएर
यहीं थिए ती वीरहरू, हुन् रे देशद्रोहीहरू
हुकुमी चुक्कुल फोरी घुस्ने, हूल गर्ने डाँकूहरू
सिमेन्टमाथि दरी बिछ्याई, सुताएका जीवहरू
देशप्रेमको यौटा आगो, तापी बस्ने स्वै र अरू ?

राणाशाहीको प्रत्येक कन्चट, पसिनाले निर्लिप्त गरेर
महाकालको मूर्ति जस्तो, एक भयावी दृश्य रचेर
गुप्त भेषमा व्याप्त भेजमा, महीना दिनतक पौडेर
दूर देशमा, क्रान्ति रेसमा, नूतन ज्योति जगाएर
धाइरहेको प्रथम सेनानी, पक्रियो रे जाल गरेर
'टंकप्रसाद' आइरहेछ, विशाल तराई पार गरेर

उड्न थाल्यो सन्देश यो, काठमाण्डूको हृदयभित्र
प्रतिक्रान्तिका फौज हाँसे, मानो एटम फोर्न सकेर !

यही एउटा भूल शिखरको, फलको ज्यादै तृष्णा रे
आज मिल्यो नि हातै बाँधी, कत्रो ठूलो बिजय भयो रे !

तीन धार्नीका नेल सिक्री, अभ थप त्यसमा गलफन्दी
सिंगै गारत घेरिरहेछ, उनको शक्ति तौल्ना निम्ति
उड्छ, उड्छ रे पक्षी जस्तै, यो त यौटा जादू हो
एक निमेषमा एक भिक्का, खेल्न पाए पार पुग्यो
महाराजको सामुन्नेमा, एक अफिसरले बिन्ती गऱ्यो:-
"हे ओजस्वी ! धर्मावतार, यही हो निसर्मी बाहुन बच्यो
हावाजहाज हो सर्कार यो, बाघडोरीले कस्नु परेको
'टंकप्रसाद, भन्ने कुनामले, यो तो डाँकूमा विख्यात छ !"

राजबैठक झन् बिचित्र, विस्मयको स्वास फेर्छ
कल्पनाको ह्यामान चिडिया, लुप्त हुँदा त्यो गम खान्छ !
उपहासको रंगमा यौटा अर्कौ भाव व्यक्त हुन्छ:-
महाराजको प्रश्न उभिन्छ:-
"के यं पुड्के बाहुन चरी, साँच्चै उही टंकप्रसाद हो ?
सम्पूर्ण बिद्रोही आगोको, के यही नै पहिलो झिल्को हो ?
पत्यार लाग्दो, भर पर्दो, स्वै त यसको रूपै छैन !
वल, बुद्धि औ सुन्याईको, वस्ने कतै ठावैं छैन !
भूल भयो हो, भूल भयो हो, पक्कै हुलिया अलमलियो
यो त यौटा सित्तै आयो, माछाको हूलमा फूल आए भैं
दूध निकल्ला ओठबाट, भो भो छोडिदे लौ अहिल्यै !

ए पुड्के पण्डित बा कहाँ जानू, महाराजको स्तुति जप्दै !
महाराजको भाषणलाई, सभागृहले खेद मान्छ
कस्तो बिचार, कति उदार ! कसरी हाम्रो राज्य अड्छ !
भन्छ उफ्री 'गोवर गणेश':–

"महाराज यो अनर्थ भयो .
नजर होस् यसको रिपोर्ट, कत्तिको छ यो बाहुन गहिरो ?
यो सबैको नाइके पो हो ब्राह्मणकुलमै आगो लाउने
हाम्रो रीतिथिति नाश गरी म्लेच्छहरूको सीको गर्ने
हेर्दा पो यो सानो सानो, तर यसको मन कति साह्रो ?
मौका पाए पिस्तोल उजाई, गाथमा चढ्थ्यो हाम्र तारो
भारतवर्षका राजद्रोहीसित, बलियो छ साँठगाँठ यसको
तब त निक्ले सर्कारबिरोधी, लाञ्छनाले पोतिका
हुना नहुना वकवादहरू, पेटभित्र जनताको'१
विश्वास लागोस् सर्कारमा, खास हुलिया यही नै हो
बिजुली हो यो बिजुली हो, ज्युँदै छाला काढ्नुपर्छ
रगतका धारा संगै–संगै, यसले षड्यन्त्र खोलिदिनेछ
कति छिटो लौ भागिसकेथ्यो, वाबुको किरिया बस्न आयो !"
'हँ !' महाराजको चेत फर्क्यो, शंकाको कुहिरो उड्न थाल्यो
त्यसको विशाल पंखले, कातर हृदय घोच्न थाल्यो
उसो भए लौ बाँध् यसलाई, यो त सर्पको बच्चो पो
यति सानो मान्छे यति चर्को, तब त्यो गंगे कस्तो होला ?

---

१ पटनाबाट निस्कने पत्रिका

काल भैरव भैं त्यो धर्म ! उम्कन पाए संसार निल्ला
पर्वत जस्तो त्यो दशरथे, जरूर जरूर सातो लेला !
त्यहाँ थुप्रिएका पशुको पनि, त्यस्तै तीखो सिंग होला
ओहो ! नेपालका घरघरमा, धेरै साना बच्चा होलान् ।
कतै, के, ती पनि यस्तै, राजद्रोही पाठ त पढ्दैनन् ?
पूर्वी डाँडो रंगिएदेखि पश्चमी डाँडो धमिलिउन्जेल
आमा ! बाबा भन्नेदेखि, स्कूल कलेज जाउन्जेल
एक एकका शब्द उतार्नू, मनमनमा डिग्री लाउनू
साना भन्दै एक नहेर्नू, पेरुङ्गो कोक्रो खाली गर्नू
'गंगे' जस्तै बुलबुली पाल्ने 'दशरथे' जस्तै चश्मा लाउने
एक नछोड्नू, एक न छोड्नू सारा बटुली कोच्न थाल्नू !
हो त सांच्चै, विचार गर लौ, गन्ध भनेको कस्तो हुन्छ ?
एक्कै थोपा खस्न पाए, सिङ्गै बैठक मगमगाउँछ
लौ ठीक पार् सिस्नो पानी, तन्काइहाल् छाले कोर्रा
लँजा तल त्यो फटाँगीमा, भुण्डचा बाँसको खम्बामा
एक एक रन्का रन्किन थाल्दा, अनि होला इतिहास पूरा"

\+ \+ \+

अब के थियो त्यो बैठकको, उम्लिएको कराईमा
सब मसाला घुलमिल गर्दै, वनिसकेथ्यो सुरुवा
बाँड्नु अगावै एक सुर्को, चाख्न भने भैं कल्पेर मौन
आज्ञा महाराजको पाए भैं भट्ट बौलाएर धकिएको
शान राख्न, पहलमान त्यो जागीहाल्यो:– "भन ए
पुड्के टंके काठा ! तैं हुनस् राज उडाउने ?
ला चड्कन गालामा, गर्छस् सेखी हाम्रो साम्ने ?

डाइनामेटको आवाज झैं टंकप्रसाद गर्जिए:-
कर्मचण्डाल ! ए पहलमाने ! चिनिस् को छ तेरो सामुन्ने ?
क्रान्तिको पहिलो गोली, तेरो राज उडाई छाड्ने
बैठकभरिका मूर्ख पशु हो ! सर्कार देशको मुटु हो
खिइँदा खिइँदा रुक्छ भने, त्यो मुटुको के काम लाग्यो ?
हुकुमी राज नेपालीको, सबभन्दा ठूलो खाडल हो
यसकै गहिराइमा सब, नेपालीको सर्वस्व डुबेको,
कसरी भन्छौ तिम्रो राज ईश्वरको वरदान हो यो ?
बताऊ हिसाब कति करोड नेपाली धन बिदेश पुग्यो ?
आज शक्तिको अन्धो बलमा, यसरी पागल बन्दै छौ !
हजारौं नेपालीलाई, बिदेशमा लखेट्दै छौ
लाखौं नेपालीलाई, कात्रो तिमीहरु ओडाउँदै छौ
के अधिकार तिमीलाई नेपाललाई छ रित्याउने ?
कसको दिल चाहिरहन्छ बाँची बाँची मर्ने ?
ढुङ्गा हुँनन् मानिस जाति, छाती खोली बढ्न नसक्ने
अब अर्के मुटु बदल्न, अब दोस्रै दम भर्न
देशमा जाँदो पहिरो लाई, राम्ररी नै रोक्न
देख्लौ कति चाँडै नै, एक तूफान यहाँ उठ्छ
त्यसको बेगमा ढुन्मुनिदै, तिम्रो बंशकै इतिश्री हुन्छ"
विस्मित थियो त्यो पहलमाने, बन्दीको कुर्लन सुनेर
हेरिरह्यो आँखा च्याती टुप्पीदेखि खुट्टासम्म !

\+ \+ \+

नित्य विहानै वीरका फौज, पल्टन जस्तै निस्कन्छन्
खर्लाङ्ग खुलुङ सल्याङसुलुङ ब्याण्ड बाजा बज्छन् !

एक सिपाही अठपहरिया प्रत्येकका साथमा छन्
बात कसैले मार्न हुँदैन, मानो * छोटा- लाठ ताड्छन्
शेर जस्तो जगर फिजाई, ठाडा ठाडा केश उठाई
सूर्यदेवको तेजलाई, मानो जलपलाउनालाई
उर्दी दिन्छन् 'दशरथ चंद,–

*"श्रम् सेलोट नेतालाई"

सबका मोटा मोटा सिक्री, खुट्टाका ती नेल पनि
छन्द्रङ्ग गर्छन्, शब्द उचाली, सबभन्दा चर्को सलामी
हा हा हा हा हाँसो छोड्दै, हेर्छ तेजी नेत्र घुमाई
नेता हो यो 'टंकप्रसाद', उत्साहको नौलो शक्ति
भन्छ प्रेमको स्रोत उमाली, सान्त्वनाको किरण छरी:–
"धन्दा छैन, धन्दा छैन, हे देशका लडाकूहरु हो !
सही कदममा हाम्रो पाइला, हेर कसोरी लम्किरहेको !"
एक जोडको हर्ष बहन्छ, एक शक्तिको पर्वत उठ्छ
आत्मविश्वास, श्रद्धाको, तातो रस गह्मा डुल्छ
सब मौन छन्, सब प्रफुल्ल छन्, लडाकू इतिहासका पानामा
उक्लिरहेको सूर्य छटामा, उद्वेलित तिनका चेहरा
लाग्ने मानौ विजय पक्षको, हो यो राम्रो दिव्य सभा

\+ \+ \+

* भारतमा अंग्रेज शासन छँदा प्रान्त प्रान्तका गभर्नर (बडाहाकिम) लाई छोटा लाठ भनिन्थ्यो।

* सिंहदरवारमा थुनिराख्दा हरेक विहान टंकप्रसादलाई बन्दीहरुले दिने गरेको सलामी (हाँसो गर्दै)

यस बन्धनको रूप रंगमा केवल चिन्ता मात्रै छैन
वीरहरूको यस मण्डलमा, केवल * भूत जमेको छैन
नयाँ युगको नयाँ कहानी, आक्कल–झुक्कल सिर्जिइँदैछ
हर्ष, बिजयको अमर प्रभाव, सतत प्रभावित भैरहेछ
खुला विश्वमा एक बिचित्र, नाटक फेरि खेलिन्छ
दशरथ चंदको एक स्वर उठ्छः–
"ए ! लम्की लम्की हिड्ने मान्छे, के त्यो छोपी लग्दै छस् ?
कसका निम्ति कसका उपहार, आज लुकाई लग्दैछस् ?
अठपहरिया थरथर कामी, झण्डै किस्ती खस्नै लाग्छ
खूब सह्याली थूक निलेर दशरथ- सामु हाजिर हुन्छ
भयभीत स्वरमा भन्न थाल्छः–
"केही ह्वैन यो केही ह्वैन; जर्साबको मिष्टान्न हो
हेर्नुहोस् लौ भन्छु, यो अनार र मौसम हो"
देखादेखी हात उठाई, किस्तीमा अधिकार जमाई
हाँसी, हाँसी, छानी, छानी, मिष्टान्न पूरै मुठ्याई
आदेश दिन्छन् दशरथ चंदः–
"जा भन्दे तेरो जर्साबलाई, मैले यसरी हात हाल्यो !
के त्यसको मात्रै हिस्सा लाग्ने, स्वादिलो यो अनार हो
हामी यहाँ छौं ज्युँदा मानिस, मात्रको हक चिनाउने
भन्दे गोल्टिन रित्तिइसक्यो, सिगरेट पनि पठाइदे !"
गोली लागी मर्न अडेको, एक बिजुली चिडिया जस्तो

* भूतकाल (पहिलेको याद)

रल्लटल्ल विस्मित भई, त्रासले हुत्याइरहेको
अठपहरिया किस्ती समाती, गुन्दै गुन्दै हिड्न थाल्यो:–
"हैन को हो, यो मान्छे ? ...
कैदी भनी समातिएर, सिमेन्टमाथि तपस्या गर्दो.
आम्मै आम्मै कस्तो ठण्डी, संरूदै होश उड्छ मेरो
दुई जुराफमा बूट लगाई, हामी आफैं पहरा दिन्छौं
गरमकोट, जर्सी लगाई, गलवन्दीले घाँटी सेक्छौं,
तैपनि जाडो पञ्जाभित्र, इन्जेक्सन झैं घोचिरहन्छ
खुट्टाका यी दश औंलाले, सुनिई ऋण्डै मर्नुपर्छ,
हेर यसको सुत्ने कोठा, हेर यसको ओड्ने कपडा !
एक चादर ओढी यसले, गरेको लौ कसरी गुजरा ?"
"कर्साब, जर्साव, कवाँड्चिफ, अरू महाराजकै दाँया वाँया
हामी वस्छौ सधैं जस्तो, तैपनि कस्तो हाम्रो चेहरा
होश उड्दछ, होश उड्छ, मानो मुटु नै अडिन पुग्यो
एक्कै शब्द वोलनालाई, शरीर पसिनामा डुब्नुपर्छ
तर, हेर यो दशरथचन्द !, जर्सावको थाली खोस्छ
महाराजको भन्दा चर्को, यसको सवलाई हुकुम छ,
ह्वैन, के यो मानिस ह्वैन ? ह्वैन, के यो ठकुरी ह्वैन ?
ईश्वरले सृष्टि गरेको, के यो उस्तै जीव ह्वैन ?
तब किन यो यस्तो चंकेको ? सूर्य जस्तै हेर्न गाह्रो ?
न मुटुले दोस्रो वाजी, हात हाल्यो, मुख छोड्यो,
किन यस्तो विचित्र हो ?"

\+ \+ \+

बन्दीहरूको बन्धन आज, दिन परदिन खुकुलिँदैथ्यो
राणाशाहीको निगाह होइन, यो त उनैको चमक थियो
हिजोसम्मका गुप्त सिपाही, बिस्तारै कान खोल्दैथे
देशभक्तिको राग पाई, आफ्नो घरको फोटो संझी
राणाहरूले गाडिरहेका, बनेलका जस्ता दान्हा देखी
उनका आत्मा च्युँभि रहेथे !

एक सिपाही लम्की लम्की, पुत्रशोकी झैं दौडी आयो
दशरथचन्दको कोठामा, देखादेखी घुस्न पुग्यो
सिंगै कोठा उचालिने गरी, एक स्वासले भन्न थाल्यो:—

"हजुर ! आज त ज्यादै भो......
सहन नसकी मेरो आत्मा, यसरी हुत्ती हुत्ती आयो,
अन्याय र अत्याचारको, वेदना र सासनाको
हिमालय यहीं खडा भयो .....
मन पोल्दै छ ओडाहाले, अब कत्ता लाने लौ जाने हो ?
त्यहाँ रगतको खोलो बग्यो !......"

उभिभएरै मुख छोपी, धुँक्क धुँक्क त्यो रुन थाल्यो
उसको उर्दी खाकी पोशाक, आँसुले नै धोइन गो
'दशरथ' भन्छन् सान्त्वना दी, मुखमण्डलमा लाली छाई
चश्माका ती चमकभित्र, आँखाका नानी सोऴयाईः—
"के भयो हँ ? किन रुन्छौ ? पहिला जम्मै रिपोर्ट द्यौ
कालको निम्तो टार्न खोज्दो, राणाले कसको रगत बगायो ?

अस्थिर तनले कम्पित मनले सिपाहीले फेरि भन्यो:–
''को हुन्थ्यो अरू ? उही बाबु, भुइँचम्फा त्यो गंगालालको
एक एक लोता छाला तानी रक्तपात लौ मच्चाइएको
हरे, कस्तो बाबुको मुटु, हो भने त पुगिहाल्थ्यो !''

वीर 'दशरथ' दश सूर्य, उदाए झैं भन्न थाले:–
''भो नडराऊ, पर्वाह छैन, यही त वीरको वीरता हो
उसका पाथी पाथी रगत, राणाशाहीको चिहान हो
प्राणको बाजी लगाएर, हामी यसरी आएका ह्वौं
रगत के हो ?– पसिना जस्तो प्राण दिन पनि तैयार छौं !''

सम्पूर्ण कोठा गरमायो, एक एक आत्मा भन्न थाल्यो
''धन्य वीर हो धन्य धन्य, तिम्रो वीरता खेर जान्न ।''

+ + +

भारेभुरे सारा बात छन् खालि कल्की टल्कन्छन्
त्यस सूर्यको उज्वल छायाँ, कौतूहलले तापिरहेछन्
महाभारतको विराटपर्व, हेर फेरि शुरू भयो
प्रतिक्रान्तिका सेनानीको, यो शक्तिशाली जमघट हो
अदव यहाँ छ, राजदर्बार, सबले तौली बोल्नु पर्छ
प्रतिभाशाली राजाको, हुकूमलाई पचाउनु छ
वादविवादको सिलसिलामा, श्री ३ जुद्ध प्रश्न राख्छन्
गाईले बाच्छो चाटे झैं, शान्त स्वरमा बोल्न थाल्छन्:–

''हेर यतिका टल्किएका, निधार हामी देखिरहेछौं

यिनका एक एक टलकबाट, सत्य हृदयको आभास माग्छौं
विचार गर लौ हाम्रो राज, कसरी कहिले आएथ्यो
आज कसरी चौदिशामा, अर्कै झिल्का देखिरहेछौं
के यस्तै फेरि उम्लने छ ?...

अथवा सामसुम सुक्का ढोड, कक्रिए झैं लत्रिनेछ ?
कसरी हाम्रो इच्छा अझ दिनपरदिन बढ्दै जानेछ ?"
"मगर' अगाडि आई भन्छन्, तीखा तीखा जुंघा मुठारी
जोश रोषको ताप छोडी, भकभकाई गर्जीः-

"ठीक हुकूम भो महाराजको, सरकारको ज्ञान चौडा छ
नतमस्तक छौं हामी छोरा, आज केही गर्नु जरूरी छ,
म त संझन्छु, हामीहरू ह्वौं नेपालका ज्यूँदा शेर
एक गर्जन, एक तर्जन, हल्लाउँछ त्यो मेघ;
हाम्रा पुर्खा 'जंग प्रभु' ले जसरी रगतमा पौडी खेले
त्यसकै शक्ति ल्याइरहेछ, हामीमा तागत अहिले;
नेपाल हाम्रो, दुनियां हाम्रो, त्यो हिमालय झन् राम्रो
कत्रो शक्ति बृटिश राज्यको, सो पनि बोल्दछ बोली हाम्रो
आज दुई चार घरमा द्रोही, जन्मन्छन् यदि साँपसरि
ताकिरहने के काम छ ? सक्नुपर्दछ भुट्न यहीं
नजर होस् लौ कैयौं दिन भो, को पाजी मूसो चुइँय गऱ्यो ?
सत्यानासी, ती अभागी, खाँदै छन् हावा सिमेन्टको,
राजकाजमा पछि हट्नाले, अथवा माया राख्नाले
पाण्डव किस्सा बन्दछ, इस्पात बन्नु छ हामीले,"

एक भाषणले गजब गऱ्यो, भाइ भारदारको रगत उमाल्यो
सबका मनको स्वच्छ भावना, ऐना जस्तै चंकन थाल्यो
"ठीक, ठीक हो त्यस्तै हुन्छ" –पालैपालो शब्द निकल्छ
"कृत्रिम मनको वज्रलाई, आजै प्रहार गर्नुपर्छ
थाहा पाऊन् दुनियाँका एक एक कुनाका मान्छे
कस्ता सूरा, कस्ता बलिया, होइबक्सिन्छ महाराज अहिले"

गम्न थाले श्री ३ जुद्ध ठूलो शोचमा भुटिएर
देब्रे हातले जुँघामाथि, हलुकासित ताउ दिएर:–
"सूरा छन् लौ हाम्रा छोरा, हाम्रा भतिजा झन् बलिया
भारदारका बुच्चा बुच्चा, नाक पनि खूब धारिला !
शंका लाग्छ कतै यिनले होशको अमृत चाख्न बिर्सून्
समयको धार नजानी, सिकारु झैं डुब्न थालून्
राजद्रोही जरुर हुन् ती सख्त दण्डका भागी
कसरी भन्ने ? अहिल्यै हामी लाऔं तिनको प्राणको बजी
कतै आगो झन् सल्केकोस् रगतका सिर्का छुन नआओस्
खून भएपछि भन्दछ शास्त्र, बोक्नुपर्दछ पश्चात्ताप,"

खसखस घाँटी साफ गरी, घाँटीका सब वाक्य समेटी
भन्छन् प्रष्ट श्री ३ जुद्ध, गम्भीरउपर गम्भीर बनी:–

"थाहा छ तिमी सबलाई, मेरो यो छाती को नाप
जत्ति चौडा यो देखिन्छ, डब्बल अरु यो हुनसक्छ

बाबु–आमाको मुस्कानमा, छोरा–छोरीको सृष्टि हुन्छ
उनको प्यारो चुम्बनमा तिनको तोते बोली खिल्छ

ईश्वरका वरदान यदि, छोरा–छोरी हुन् भने
पृथ्वीका ईश्वर संरक्षक, आमा–बाबुले हुनुपर्ने
भूल भएमा, अलमलिएमा, संकटका भूत उम्रन्छन्
तिनको अदृश्य झस्काले, जीवनका फूल वैलाउँछन्

वात, साफ छ, ताप ठूलो छ, यो त रणको बेला हो
बढ्ने, हट्ने अथवा अडिने ? यही नै मूल समस्या हो !

गद्गद छु म देखिरहेछु तिमीहरू दिग्गज विद्वान् छौ
सरस्वतीको बरदान पाई, दुनियाँको नाडी छाम्न सक्छौ;
छाम त फेरि दोस्रो पल्ट, शुरु शुरुमा कैयन् भूल हुन्छन्
खस्रो सिलट, पिन्सिन आफै, घोई घोटिई चिल्ला हुन्छन्;

भन मेरा शूर वीर हो ! अहिले कसरी लड्नु बेस छ ?
के रगतकै होली खेल्ने ? यो त गर्मीको बेला छ
परिसके सब माछा जालमा, के अहिल्यै सुइरो कोच्नुपर्छ;
भस्मभित्रको आगो मार्न, फू फू गर्दै उडाउनैपर्छ ?
अथवा समय पर्खेदेखि, आफ्नो इच्छा पूरा हुन्छ ?"

"सोह्रै आना समर्थन छ, श्री ३ प्रभुको हुकूमलाई
तर सम्झौं, अहिले भोक लाग्छ, मीठो नमीठो सब निलिन्छ ?
अर्कोतिर त्यो कसौंडीमा, कवाफ पनि तैयार हुँदै छ;
अब के गर्ने ? –घण्टी हेर्दै, भोकको ज्वाला उड्न दिने ?
कवाफको त्यो लोभ गर्दै, शिथिल हुँदै चित्ता खाने ?
खानु बढिया सामुन्नेका, रुख्खा सुख्खा पहिले
त्यसकै शक्ति बटुली फेरि, कवाफ मात्रै किन छोड्ने ?

अहिले यौटा आगो सल्क्यो, यसको मुटु लुछ्नुपर्छ
गाग्राका गाग्रा पानी खन्याई, यसलाई खग्रास पार्नुपर्छ;
नत्र ज्वाला कसरी मार्ने ? बिनात्रासको पानी पोखी ?
विद्रोहीको रगत नपिई, सकिन्न मोर्चा लिन बेफिक्री !"

'जम्बू' को यो वाणी सुनी, फेरि अर्को हर्ष बग्यो
खूनीहरूका प्यासी दिलमा, त्यस दिनको आशा उम्र्यो
'पद्म' उठी बोल्न थाले, मानो पद्मकमल झैं
शान्त स्वरमा खोजे झैं, अपूर्व रंगको चित्र कोर्दै:–

"भाइहरूको ! याद छ सबैलाई, कर्वांडचिफको रोल मेरो
'जुद्ध प्रभुको शान्तिका निम्ति, बोक्नुपर्दछ मैले डोको;
हेर भारत, जहाँ हाम्रा मित्रहरूको हुँकम छ
दिनहूँ कैयन् काँग्रेसीको, हाड्डा हूहू बगिरहेछ;

उनी के गर्लान् हाम्रा निम्ति ? जब हामी ज्यादै थोरै छौं
परिवर्तनको घेराभित्र, नेपाल पनि घुमिरहेछ
नयाँ रोगको कीटाणु, जरूर यहाँ रोग सार्नेछ,

प्रहार नगरौं अहिले हामी, कर्तं उत्ति बलले फर्कला
गोलघरको एक एक ईट, पार्ला विद्रोही कोला कोला !
रणनीतिको यो एक भेद, बुज्रुकहरूका निम्ति हो
शक्तिको धारलाई, तिखार्ने यो साँद हो
कोही छैनन् यहाँ मूर्ख त, के को धक्कम्धक्का हो ?"

आगो सौच्नै मक्कल फुट्यो, सारा फिलिगो छरबरियो
गोबर गणेशको हृदय फुटी' जतातत पोल्न थाल्यो:–

"हुन्न हुन्न यो, कतै हुन्न, को भन्छ यो रणनीति हो ?
यो त यौटा कातर दिलको, सानो मूसे स्वर हो

'रुद्र' कहाँ गए, अनि त्यस्तै, अधिका 'खड्ग' र 'देव'
के उनको आत्मा ज्युँदो रहे, हामी खेल्थ्यौं यो खेल ?

मर्नुपर्दछ छातीवाला, जो जो छन् रणस्थलमा
पर्वाह के को जब्र सुरियौं, अर्काको त्यस्तै ज्यान लिन
आज ज्यानको बाजीमा, ती विद्रोहीहरू आएका छन्
ज्यानकै बाजी लगाइकनै हाम्रा गोली छुट्नुपर्छन्"

"सत्य बोल्यो, सत्य बोल्यो' गोबरगणेशको बाघमुखले
के हाम्रो मात्रै पालो ह्वैन प्राइमिनिष्टरको कल्की लाउने ?
यो त यौटा आफ्नो पालो, सकी उम्कने दाउ हो
भाइहरूको जीवनमाथि ठूलो अन्याय र खेलबाड हो
सहन्नौं हामी मरे पनि, ती बिद्रोहीलाई ननिली

ह्वैन भने छोडून् सबले, जो सक्दैनन् सर्न अघि
हाम्रा छाती किन खडाछन् यी तक्माका चमक लिई ?

विद्रोहीका रगत पिउन, भोकाएका छन् यी अति"
गर्जन थियो यो गोबरगणेश, गोपाल त्यस्तै जम्बूमंत्री' को

आखिर बोले महाराज झुकी:–

"भैगो बाबु त्यस्तै मान्छौं

हाम्रो कलह, हाम्रो झगडा दिनेछ ती बिद्रोहीलाई
निभ्न लाग्दाखेरि पनि, एक अथाह शक्ति,"

\+ \+ \+

महाराजको राज बैठक, आज यौटा दैत्यनगरी
भारदारका गुणहरुले, तिरमिराउँदो यमपुरी
वीरहरूको रक्त पौडी खेल्ने क्या लालसा छ
अन्धकारको कोठरीमा, यौटा चिडिया छोपिन्छ
बन्धनभित्रै उसको प्राण, त्रास फ्याँकी चुँडिन थाल्छ
जसको मोहिनी सुन्दर नाम, "श्री ५ त्रिभुवन" बल्दै छ
जुद्धशंसेर सिहासनको, आत्मालाई हलुका पार्छन्
रोब राख्दै कडा शब्दमा, एक बिचित्र माग गर्छन्:–

"सर्कार, यो हो खड्गनिशाना, बिद्रोहीहरूका छातीमा
वर्षनें छ अब छिटै नै, गोलीको एक नजराना
श्री ५ को अटल गाथ–गादीमा उनको आँखा छ
बक्सियोस् लालमोहर, यत्तिकैको फरियाद छ !"

खिस्स हाँस्यो त्यो विभूति, हृदय–बागको फूलमा
वेदनाको अश्रु रोकी, गहको एक कुनामा !

बोल्न थाल्यो शान्ति रसको, एक अलङ्कार उनी
जसको सुन्दर रूप देखी झस्कन्छन् अमरावती:–

"दङ्ग पर्छु आज सुन्दा, मेरो गद्दीको हाल सबै
को रहेछन्, सूरा बलिया, तिमीहरूभन्दा बेग्लै ?
भन्नुहुन्न भन्नुहुन्न, आज मेरो गद्दीमाथि
आँखा गाड्ने कोही जन्म्यो, यस नेपाल नगरीमाथि
लालमोहर के, ज्यान बाजी लाइदिउँला को रहेछ
श्री ५ को यो तख्तलाई, फेर्न खोज्ने बताऊ त ?"

जुद्धको त्यो भीम काया, जुरुक्क उभिई बिन्ती गर्छ:–
"उही पहलमान् जो हजूर्को, गुरु भएर खेल गर्थ्यो
एक ह्वैनन्, चार ह्वैनन् आज हाम्रो देशमाथि
चिलले कावा खाए झैं तो, मडारिदै छन् साँझ राति
ख्याल होला सर्कारलाई, कसरी ती पर्काडिए पनि"

'ती पहलमान ! चिन्छु मेरा आदरणीय गुरु हुन् !
कसरी भनूँ उनले मेरो, गाथगादी ताक्न खोजे ?
के छ मेरो आज यहाँ ? के छ तनमा सिर्फ माया ?
भूल होला, भूल होला, छोडिद्यौ भो छोडिद्यौ !"

घोप्टिएका, झुम्मिएका, खैर जस्ता ती जुँघामा
एक संहार, एक प्रलय, नाच्न थाल्यो नानीमा

झंक्मकाई, थूक छरेर, उम्लियो नि यौटा प्रतिमा
कुलियो त्यो साँढे जस्तै, कुमको जूरो हल्लाएरः–

"के भनेको ? के भनेको ? बोल ठकुरी के भनेको ?

चाख्न खोज्छौ तिमी आफैं, चटनी मीठो मृत्युको ?
हेर पिस्तौल, हेर बैठक, यो त हाम्रो राज हो
तिमी त यौटा पालिएको, बोस्सिएको बोका पो
अब खबरदार एक शब्द, निस्किएमा यो बिचित्र
तिम्रो, ज्यूँदो लाशलाई, गोर्खामा दफनाइनेछ !"

अब खतम भो त्रिभुवनको, शान्तिको पीयूष धारा
फागुका झैं पचका बन्दै, छोड्न थाल्यो तोड साराः–

"जब म यौटा मोटो बोका, तब किन मेरो लालमोहर
के बोकाको हात र पञ्जा, हुन्छ र बक्स्योस् लालमोहर ?
दिन्न दिन्न लालमोहर म, यो मेरो आफ्नो धन हो
लैजाउ चाहे मेरो लाश, डाँडामाथि गोर्खाको ।
आजसम्म के तिम्रो दिलले, केही कहिल्यै बात मान्यो ?
शुद्ध हृदयले, प्रेमपुष्पले, मेरो मन्दिर शोभायो ?
उल्टै मेरो खोपीभित्र, तिम्रो लूट चल्न थाल्यो
मेरो कोमल आत्मा–सामु, उल्टो पिस्तोल–भूत नाच्यो !
अझ देशको बर्बादीले, संसारको इतिहास तोड्यो;
आज यौटा घृणित राग, फैलिरहेछ यस बैठकमा
माछौं मलाई जाना जानी घचेडी त्यो दुर्गन्धमा ?

धर्मभक्त यी त्रिभुवनका, सच्चा पूज्य गुरु हुन्
त्यस्तै उनका अरू शिष्य, मेरा प्यारा भाइ हुन्;
छोडिदिन्छु, जसरी छोडें, मेरो प्राण तिम्रो हत्केलामा
राख, पर्याक, पर्वाह छैन, यै हो हाम्रो फैसला !"

एक बन्दी बोलिरहेथ्यो, सुनको पिंजडाबाट
उसको गर्जन्, उसको छाती, धकेलिरहेथ्यो पापी पर
थर्कमान थे भारदारका, हूल आई उनलाई घेऱ्यो
एक असहाय बेला पारी, उनको लालमोहर लिइयो
भित्र भित्रै उनको आत्मा, चित्कारिरहेथ्यो विषाद
अनि चर्किएर भन्न थाल्यो:–

"लौ, लेऊ मेरो दुवै हातको लालमोहर
तर दिलको गाढा लालमोहर ता यही कलेजाभित्रै छ
टुक्रा टुक्रा पारी खोस, तैपनि कहिल्यै भाग्दैन !"

\+ \+ \+

आज मानो संहारको दिन हो, सिंहदर्वारको पटाङ्गी आवादछ
विद्रोही ती वीरहरूको, कम्पनले मानो भूकम्प उठ्छ;
माघ मासको तातो घाम, आजै तिनले जान्न पाए
मृत्युद्वारमा पुग्दा पनि, अपूर्व आनन्द अनुभव गरे;
खड्गनिशाना लागो बनेको त्यो लामो अक्षरको खाका
तैयार थियो ती वीरहरूको, टुङ्ग्याउन जीवनगाथा;
तैपनि मानो उदारताको एक भावना बग्न थाल्यो
महाराजको सिंहासनले, शब्द रूपमा दीप्ति छऱ्यो:–

"माफी माग, माफी माग, तिम्रो जीवन बच्न सक्छ !
यमराजको ढोकाबाट, तिम्रो वापस यात्रा हुन्छ"

वीरहरूको मुकुटरूपी त्यो अजङ्गको रूप बढ्यो
'दशरथ चंद' को त्यो आकार, वीरत्वको किरण छर्‍यो
पृथ्वीको कुनाकुनासम्म सुनिने गरी भन्न थाल्यो:–

"ए ! नपुंसक राणाहरू हो ! यो कस्तो तिम्रो आवाज हो
थाहा छैन के यहाँ उभिएका, नेपालीको अपमान हो ?
छैन कोही यस्तो व्यक्ति, यस मण्डलीको सदस्य भई
नेपाल आमाको आँसु हेरी, आफू उम्कन मागोस् माफी;
भन लौ कत्रो तिम्रो प्रोग्राम, आज त्यस लालमोहरमा छ ?
परिवर्तनको हावा रोक्ने, के तिमी कसैमा तागत छ ?
यस कायाको रूप छिनेर भित्री उद्‌गार मर्दैन
छाला, मासु, रगत लिएर, विद्रोही आगो निभ्दैन,
सुन्यौ सुनेनौ ? अत्याचारी ! नेपालमा आगो सल्क्यो; सल्क्यो
आजादीको निम्ति आज, सर्वप्रथम अभियान हो यो;
तिम्रा मनभरका ती साँप्रा एक दिन झीना हाड हुने छन्
तिम्रा राता गालाहरूले न्यायवेदीमा भोगदिनेछन् !
हेर, हामी तिम्रै सामु, मुक्का तानी कबूल गर्छौं :–
"आजादीको हावा नबगी, हामी कहिल्यै मर्दैनौं"
विद्रोहीका हृदयका पहिल्यै, अमर बनी उड्न थाल्छन् !

तिनकै एक एक संकेत पाई, अनेक लीला रच्न थाल्छन्;
हेर कस्ता बल्दा ज्योति, त्यस डोरीले बाँधिएका
तिनका वीर आत्मा कसरी, तिम्रा मुटु हल्लाइरहेका
माग्दैनौं माफी इच्छा लाग्दो गर, हेर्छौं छाती खोलेर"

कत्रो साहसको गर्जन थ्यो यो, कत्रो विश्वासको भवन थ्यो ?
कति शुद्ध चेतना छल्किरहेथ्यो, कत्रो प्रतिभा बोलिरहेथ्यो !
टररर ताली वीरहरूले, वन्धनमा वस्दा वस्दै ठोके
नेपाल-आमाको हार वन्न, एक भयंकर आवाज दिए:–
"इन्कलाब-जिन्दावाद ! राणाशाही-मूर्दावाद प्रजातन्त्र-
जिन्दावाद !

बैठकका ती भारदारले, एक छाया अहिल्यै देखे
भोलि पर्सि के हुनेछ, छिटो गुन्न थाले
दुष्टहरूका गिदीमा फेरि, गुन्जन थाल्यो क्रोधी राग
दाह्रा किट्दै, सिगै काँप्दै, बैठक भयो कम्पायमान
बूट बजाई गोबरगणेशले, एक फर्मान जारी गर्‍यो:–

"हान् कोर्रा ती पाजीलाई काढ रौं नछुटाई
दे कुन्दाले, दे बूटले, अथवा जे जे भेट्टाउँछौ
वन्द होस् ती विद्रोहीहरूको, सास फेर्ने त्यो नालो"

प्रहार शुरू भो हिंसा फेरि, रगतका धारा उछिट्टिन थाले
हुकुमभो श्री ३ जुद्धको–भैंगो अहिले छोडिदे
काल पर्खेका कुक्कुरहरू ती, सुनून् आफ्नो अन्तिम घडी"

खड्गनिशाना भन्दै गो, एक भयानक शब्द उचाली
वीरहृदयका ज्वालामा, प्रतिक्रान्तिको राग उमाली:-

"सर्वप्रथम त्यो शुक्रराज, जो गान्धी बुढोको ढोके हो
गीता गीता फलाक्दै, राजद्रोही भाषण गर्थ्यो
सीधा साधा रैती दुनियाँ, भड्काई मानो चोर सरी
घुम्थ्यो, फिर्थ्यो, गल्ली गल्ली, भुस्याहा कुकुर चंकाई
मृत्युदण्डको सजायँ दिइन्छ, त्यस राजद्रोही अधमलाई,"

"दोस्रो चाँहि धर्मभक्त, पापको ज्यूँदो मूर्ति हो
गाथ गादी ताकी ताकी, भित्र भित्रै भन्दै हिड्थ्यो
पहलमान् त्यो भैंकन ठूलो, बलको शेखी गर्दो हो
नेपालका पशुपतिनाथको, त्यसले तेस्रो नेत्र खोल्यो
भश्म हुन्छ अब महाराजको, हुकुमको निल्दै आगो,"

"तेस्रो त्यो हो दशरथचंद, बेशर्मी ठकुरी बच्चो
निमेक हराम, बरुवाल, सबभन्दा चण्डाल भेडो
काटिनेछ त्यो टुक्रा टुक्रा, गुहेश्वरीको बली भयो,"

"चौथो चाहिं त्यो कलिलो, वेहोशी गंगालाल हो
बित्ता भरको छाती लिई, ढालसरि फुकाउन खोज्दो
लहैं लहैंमा गुड्दै जाने, त्यो छालाको भकुण्डो हो
मारिनेछ त्यो बूट खाई, कोप्राका कोप्रा रगत छादी
यही फर्मान महाराजको, पढी अहिले सुनाइयो"

\+ \+ \+

छैन चिन्ता शुक्रराजमा, त्यो अग्लो, बलियो शरीरमा
सत्धर्मको, सत्कर्मको त्यो हँसिलो साधुमा

"अत्याचारका मुर्कट्टाहरू, नाच देखाऊन् मेरा सामु
सत्य विचारको खरानीले, उडाउनेछु रची जादू
खुशी छु म, जाँदै छु यी, स्वर्गद्वारको यात्रामा
हाँसी हाँसी फाँसी चढुँला, प्रेम त मेरो नेपालैमा"

"पहलमान हो धर्मभक्त, हुन्न कसैको दरवान
संझन्छौ म यस जुनीमा, तिमी झैं हूँ दूषित मशान ?
फलामका ती चक्रसित, यी वाहुले किन खेले ?
यस छातीले लाखौं बाजी, केका निम्ति डण्डा पेले ?
जन्मिसक्यो एक शक्ति, यस लौह पुरुषभित्र
छरीसक्यो यसले वीउ झैं लाखौंमा शक्ति विचित्र
लैजान्छौ के तिमीहरू आज, मेरो यो पुण्य आत्मालाई ?
यस पृथ्वीको काखबाट हावामा पारी उडाई ?
ऊ, आउँदै छन् कैयन् चेला, नयाँ चोला फेरेर
तिम्रो पशुता औ हीनतासित, द्वन्दयुद्ध गर्न भनेर,
कम्मर कस्यौ वरू अहिले, तिम्रो वेहोशी मेटिदिन्छु
त्यो नारकीय महलको जात्रा ती नजरमा कोरीदिन्छु,"

"निमक हराम ! निमक हराम !! खुव चिनिछस्
मेरो राम ?"
छाती खोल्दै दशरथ भन्छ, "ऊ हेर लौ परमधाम;

धेरै दिनतक छोपेको थिस्; त्यस दोसल्लाले आँखा
दान, पुण्यको छुसी बासना, छर्दै मेरो कुलमा;
देखें मैले आज पृथ्वी, कति उज्यालो चम्किरहेछ
तेरो घृणित दोसल्ला त्यो, छोप्नलाई उड्दो रेछ;
प्रकृतिका कण कण सब, स्वच्छन्दतामा हुर्किरहेछन्
नेपालीका आत्मा मात्रै तेरा बन्धन बोकिरहेछन्;
पक्रीहाल्यौ पहिले मात्रै, तिम्रो यसरी ज्यान बच्यो
नत्र हुन्थ्यो थाहा हिजै नै, यहाँ कसको राज हुन्थ्यो;
तैपनि केही पर्वाह छैन, आइरहेछन् बीर नेपाली
हाम्रो इच्छा मूर्त गराउन, तान्न तिम्रा ती जुल्फी"

'देखिस् तैले मेरो छाती ? तेरोलाई मात गर्छ
हृदय छाम्छस् ? कति गोली, डम डम यसले छोड्दै छ
रुवँ त हेरूँ, को रहेछ ? यस तनको भकुण्डो हान्ने
कसमा त्यति बल रहेछ, साँचै ज्यानकै बाजी थाप्ने ?
गंगाको यो सुन्दर काया हाड छालाको ह्वैन
ईश्वरको यो दिव्य, सृष्टि, तिमीहरूको पेवा ह्वैन;
यो त यौटा 'नील कमल' हो, नेपालीको प्यारो धन हो
देश प्रेमको आजादीको, चुम्बन गर्ने बालक हो;
बरबराई मानिस हिंड्छन्, जो आफै चेतमा हुन्नन्
संरु पशु हो ! तिमी कहाँ छौ ? कति त्रासका खाँदै छौ ?
आज यौटा युवक ह्वैन, लाखौं लाखौं आइरहेछन्
सरस्वतीको बरदान बोकी, तिम्रा मुकुटको हाई हान्नन् ।

भनुँला म इतिहासका पानामा, आखिरकार को विजयी हुन्छन् ?"

यी थिए ती वीरहरूका, वीरताका सच्चा बोली
शुक्र, गंगा, दशरथ, धर्म, शहीद पंक्तिका राम्रा जोडी;
वीरताको विमान चढी, हेर कत्रो तेज आयो
अड्न सकेन, अड्न सकेन, हेर्न सकेन, हेर्न सकेन !
त्यस ज्वालामा उड्ने डरले, राणाशाही बोल्न सकेन;
फरक्क फर्की, थरर्र काँपी, हत्यारो भैं मुख लगाई
बैठकले नै उद्घोष गर्‍यो:–

"हुकुम नगर्ने शक्ति !"

\+ \+ \+

फेरि फर्मान पढिन थाल्यो खड्गनिशाना चम्किरहेथ्यो
वीरहरूका बल्दा आँखा, एकनासले हेरिरहेथे
कानका–जाली झन्झनाकार, पाई खुशीले झुमिरहेथे:-

"हाम्रो धर्म परम्पराले, ब्राह्मणको ठूलो सम्मान गर्छ
टंकप्रसाद औ रामहरि, धर्मबाट च्युत गरिन्छन्
चारपाटे मुड्दा खेरि, उनका जातले बिदा लेलान्
गोलघरमा जनमभरि, उपियाँ उडुसका साथ देलान् !'

एवं रितले अरू विद्रोही, क्रमैसंग टाँगिए
फाँसीका डोरीमा ह्वैन, कारावासको यातनाले

कति जनमभर, कति आधा, मानो यसको हिस्सा लाग्यो
जसरी भोज ग्रौ भत्यारमा, मान्छे हेरी टपरी मिल्छन् !

\+ \+ \+

दुई महिनाको कालो करतूत, राणाशाहीको जीवन मूल
टुङ्गियो नि वीरात्मामा, घोप्टयाई ज्यादै अमिलो चूक
ग्राज उनको सफर हुँदै छ, ग्राज उनको आत्मा उड्छ
गोलघरको नक्सा हेर्न, हृदय सबको मजबूर हुन्छ !

बिदाईको बेला थ्यो यो, मित्रहरूको विछोड थ्यो यो
ग्रश्रुधारा लाम लागो, पहरेदारको शरीर भिज्यो
काँपिरहेको, प्रेम गढेको, हृदयको अनुराग लुकेको
देवदूत झैं, बाबु, दाजु, भाइ हिलमिल गरेको
रुग्ण कण्ठ ती फुट्न थाले:–

"हे नेपालका ग्रगुवाहरू हो ! हे वीरताका राकेटहरू हो ।
जान लाग्यो छोडी हाम्लाई, फेरि दर्शन कहिले हो ?
आज यसरी दु:खी जस्तै दीन, हीन, निमुखा जस्तै
तिम्रो योग्य कायालाई, घिसारिनेछ कठै ! व्यर्थै
यस्तो तिम्रो तेजलाई यस्तो तिम्रो स्नेंहलाई
कसरी बिर्सौं ? कसरी छोडौं ? हाय हामी क्या अभागी ?

"यौटा यौटा गुन्टा बोकी नेल, गल्फन्दीले बेह्रिई
कसरी हिंडौंला त्यस सडकमा ? कसरी सहने त्यो बेइज्जती

"प्रथम-विश्व-युद्ध गर्दा जर्मनीलाई ध्वस्तपार्दा
यसरी नै जान्थे लाम लागी, हरलपक्ष सिपाहीका

"तिमी हाम्रा गुरु थ्यौ नि, तिमी हाम्रा जोति थ्यौ नि
तिम्रै मिहिनेत, तिम्रै आशीष, दिन्थ्यो फल हामीलाई
हामी अन्धा, हामी काना, आज अलि अलि देखिरहेछौं
खेल्न पाए, बोल्न पाए, तिमीहरूसँगै कति गथ्यौं ?
"एक्कै सर्को चुरोट तान्दा, एक्कै चिलिम तमाखु खाँदा
कति आनन्द मनमा हुँथ्यो ? अब कहाँ र त्यो मजा ?

"आज यसरी छुट्नु भन्दा, आज यसरी न्वाउनु भन्दा
बरु हिजै हिँडीदिदा ह्वौ के थियो पर्खाल नाघ्न ?
वा कुनै क्यै राह खोजी, यी नजरमा कोरिदिन्थ्यौ !
के थियो लौ मार्च गर्न, हामी सुरिला सिपाही थ्यौं ?
वा अझै लौ भनीदिदा ह्वौ, यो दैत्यलाई साफ पार्न
रगत दिन्थ्यौं, प्राण दिन्थ्यौं, देश हाम्रो स्वर्ग पार्न"

'किन मानेनौ ? किन बोलेनौ ? किन यो प्रीति गाडिदियौ !
अब यी आँसु हामीसंगै तिमीहरू अहिले जाइजान्छौ
नबिर्स्यौं है हामीलाई, नेपालका यी अनपढलाई
'तिमी चारको स्वर्ग यात्रा" शान्ति फिंजाओस् शान्ति'

\+ \+ \+

क्रान्तिकारीका जीवन-वनमा एक विषाद गुञ्जिन थाल्यो
घन्किरहेथ्यो काठमान्डूको, घण्टाघर भैं राग अनौठो

तड्पिरहेका हृदयहरू ती भित्रभित्रै जलिरहेथे
एक सुरमा व्यथित छटाका मौन अनुहार चम्किरहेथे;
को होला त्यो मृत्यु भुलेर दिल मुहारले हाँस्न सक्ने ?
को होला त्यो मित्रवियोग, अनन्तसम्म खप्न सक्ने ?
रहेछ रहेछ, यौटा मान्छे, नेपालीको दिव्य मुकुट
डेग नहिल्ली, धैर्य लिएर, शान्त्वनाको बीउ रोप्ने
करुण रसले हृदय भिजाई, भावनाले भुलुलु उमाली
स्मृतिको चिप्लो ऐना, एक बाजी हेर्न भनी
'दशरथ' बोल्यो छाती फुलाई:–

"यै हो हाम्रो अन्तिम बिदाई

जान लाग्यौं चार हामी, उड्न लाग्यौं चार हामी
विस्मातको कुरै छैन, यो तिलक हो हाम्रा लागि
जुन आत्मा हाम्रो कर्ममा छ, जुन भावना यो उम्लिरहेछ
इमान्दारीको मीठो दाख, दल्ली हल्ली झुमी–रहेछ;
त्यै नै भविष्य साफ पार्ला, त्यै नै बन्धन तोडी–देला
नबिर्स्यौं यस क्रान्तिलाई, यही नै हाम्लाई शान्ति देला
के भयो र ? विजय घडीमा स्वर्गबाटै हाँसी दिउँला"

वीरताको, जोशको त्यो, हर्षको अनि प्रेमको
एक धर्मी, एक कर्मी, एक जाति एक छाती
बन्धुत्व अनि विश्वासको लम्किएको लहरो यो,
थाक्रिए झैं हृदयबाट उम्ली उम्ली बेह्रिन थाल्यो

अश्रु बिन्दुका चमकमा केही अमूल्य लेखिदियो:—
"कबूल गर्छौं, कबूल गर्छौं, क्रान्तिलाई बिर्सदैनौं"

+ + +

आज एउटा नरकपुरीमा, वीर आत्माको बास छ
कोलाहलको आँधीले, मानव–जगत विस्मित छ
कत्रो खडेरी यस बस्तीमा ? कत्रो अभाव यस कुण्डमा ?
केका निम्ति आएका छन् ? यतिका मानिस झुम्मिदै
केका निम्ति रोइरहेछन् ? पीडाका कथा कहँदै
दोषीहरूको आत्मालाई, दण्ड दिने यो व्यापार रे
उनको शक्ति चूर्ण, पार्न खेलिएको नाटक रे
चोर यहाँ छन्, डाँकाहरू पनि ज्यानमाराका लाम खडा छन्
एक भयावह दृश्य उभारी निरर्थकता गाइरहेछन्
चार दिवालको चौगिर्दामा, चार दिवालकै घेरो छ
ययको मुटुमा टोलिरहेको यौटा पिंजडा छ;
'गोलघर' रे यसको नाम, हो त साँच्चै गोल यहाँ
शरीर आत्मा पोतिरहेछ, कालो मोसो साँझ बिहान,
प्राणरक्षक चूलोबाट, धूँवाले सास फेर्नु हुँदैन
त्यही कोठाको भित्तो, दलिन, उसले नगनी सुख्खै छैन
त्यसकै पछि पछि वीरहरूका आँखाहरू पनि नाच्छन्
शायद दुइटै आफ्ना बन्धन, संझी संझी आँसु पोख्छन्;
अरू उपल्लो एक वर्गमा, कालकठोरी रोइरहेछ
बिचरो आजै वीरहरूको, सास पाउ चलबलाउँछ;
शरीर उसको चीसो धर्ती दिन प्रतिदिन पानी प्युंछ

यसकै चीसो संझनामा, वीरहरूले डुब्नुपर्छ
यस पृथ्वीका सन्तापले, पोलिएर वीरहरू
पठाइएका होलान् शायद, तोप पोख्न धुरू धुरू
ह्वँन ह्वँन लौ पापीहरूले, पापसँगाली सृष्टि गरेको
'कालकोठरी' पवित्र पार्न, वीरहरूको प्रवेश भएको

हेर्न वीरका आँखालाई, तिनै चौसा भित्ता छन्
जहाँ लेउका लेपहरू, हरिया घाँस झैं टल्कन्छन्
पृथ्वीको यौटा सानो टुक्रा, आज उनको जीवनसाथी
त्यसकै दृष्टि त्यसकै अति, आज यिनको गाथगादी
माथि अकाश मलिन मुहार, मौन बाणी छोडिरहेछ
कसले सुन्ने ? कसले बुझ्ने ? यो त कविको आत्मा चिन्छ ।

\+ + +

सिंहदर्वार, पश्चिमकोणको त्यो उज्यालो पटाङ्गीमा
शुरू भयो लौ मानवताको, बज्यो गाईजात्रे समेना
विद्रोही ती ब्राह्मणमद्धे 'टंकप्रसाद' औ 'रामहरि'
उभ्याइए ती निर्मम मूर्ति, नीचताको शान लगाई;
बकुल्ला झैं नाक भएको, पापीहरूको पाप बोकेको
धर्मशास्त्रको ठेकेदार, गुरुज्यू पदले शोभिएको
एक झीनो मूर्ति अघि सर्दै, ब्रह्म बाक्य छोड्न थाल्यो:–

''ए कलियुगका नराधमहो ! भन, के के तिमी दुई खान्छौ ?
चाख्न नपाई तुलबुलाउँदो, त्यो जिब्रोलाई संतोष दयौ

दरिद्र, भोका नाङ्गा तिमीहरु, राहत खोज्दै हिड्थ्यौ ह्वनौ ?
श्री ३ प्रभुको उदयाचल, देख्ने सुन्दर मौका पायौ ?
यस पर्वतको लाली हेर, कति तमतमाई झल्किरहेछ !
कति न्यानो न्यानो पार्नुपर्छ ? सामग्री सब दस्तूर छ
आज तिम्रो व्रतबन्धको त्यो शुद्ध जनै उतारिनेछ
महानरकमा पौडी खेल्ने, तिम्रो इच्छा मूर्त हुनेछ !
गायत्रीका गेडाहरूसित, बिदा माग्ने बेला हो यो
परंपराको क्रमअनुसार कहतारोमा दही चिउरा खाओ
त्यो पोडेले मुढी दिनेछ, तिमीहरूले छुनुपर्दैन !
कष्ट होला गांस हाल्न, मुख बाऊ, उसले हालिदिन्छ ?
हरिश्चन्द्रका चाण्डालहरूका, अब तिमीहरू सन्तति हुन्छौ
कुनै मशानको कात्रो बटुल्ने, घृणित कार्यमा आज दरिन्छौ
हाँसो लाग्छ मलाई देख्दा, तिम्रा ती मौन आकारहरू
पक्कै दिलमा भनी रहेछौ:—

'धिक्कार यसरी मानिस बन्नु

अघि नै हाम्रो मृत्यु भए, कति राम्रो नगरी देखिन्थ्यो ?
पापी, दोषी हामी रहेछौं, तब त यसरी बेहोशिदै छौं'
हाः हाः हाः हाः किन चुप लाग्छौ ? पहिले नैवेद्य खाइहाल"

फेरि एकपल्ट ती दुई वीरका सुप्त झिल्का उछिट्टिन थाले
डाम्न भनी, पोल्न भनी झिलमिलाई उड्न थाले !
आत्माभिमानको राग छोडी वातावरण शून्य बनाई
फिलिगोको मूर्त छटा, 'टंकप्रसाद' बोल्न थाले:—

'हाँस् हाँस् ए ! नरपिशाच !! हाँस्न नपाई रोइरहिथिस्
सरस्वतीका राशभित्र, दूषित बुद्धि पर्याकिरहिथिस्
हेर, आज तेरो मालिक, जुद्ध भन्ने त्यो राजा
कसरी मनमनै थरररर काँपी, हेरिरहेछ भविष्य–ज्वाला ?
मूल जरो नै सुक्दै जान्छ, तब शाखाहरूले के गर्ने ?
अझ प्रशाखाका झूसहरू त हुन्छन् बिलकुल काम नलाग्ने;
तँ त यौटा दास होस् नि, कौरबका लाखौं जुत्ता जस्तो
के छ तँमा आफ्नै शक्ति ? झस्कलास् तँ यत्ति सुन्दा
नेपालका धुरी धुरी पिच्छे छ छ पैसा बटुलेर
''चान्द्रायणी'✶ दान थापी, पोल्टोमा धेरै दाम लिएर
अझ त्यो आफ्नो मालिकको, जुत्ताका तलुवा चाटेर
बनिरहेछस् धर्मगुरु, धर्मलाई नै पोलेर;
कसले भन्दछ तेरो धर्म, नेपालको हृदय उघार्छ ?'
कसले भन्दछ तेरो कर्म, निर्मल जलले धोइरहेछ ?
भन्छस् अहिले–हामी भोका, नाङ्गा बन्दै केही माग्छौं ?
राज्य दिए पनि लिनेछैनौं, जबतक बाहुबलले लिन्नौं
ए, लोभी, लुच्चो, फटाहा बाहुन ! एक ढिक्का दहीमा राल
चुहाउने !
कसरी मानौं ? आज तैंले, हाम्रो धर्म र जात उडाउने !
जब हामी ह्वौंला पापी पुरुष, ईश्वरकै आदेश हुनेछ
अनि हाम्रा आत्मा आफैं नै, यस जनमलाई धिक्कार्ने छ

---

✶ श्री ६ बडा गुरुजूले प्रत्येक घर धुरीबाट उठाउने ६।६
पैसाको कर

तँ, तँ भैं, जुठे बाहुन, अनि तेरा पतित मालिकसित
वरत्र, परत्र, दुवै ठाउँमा, तँयार छौं तौल्न आफ्नो कर्म;
बाँचिरहेस्, बरु त्यस दिनसम्म, जब जनताको राज होला !

सत्धर्मको कलश उठाई, हामी तँमाथि छर्किदिउँला;
आजसम्मको तेरा पाप, कसरी कुलेसो पार्दै बग्छ
कोठा, कोठा, चोटा चोटा, सब पखाली धर्म फुर्छ !
पापी आत्मा पोल्छौं हामी, त्यो दुर्गन्धी शव भैं
देख्लास्, फेरि सूर्य उदाउँछ, पुण्यात्माको रूप सिंगार्दै"

"श्री ३ प्रभु ! दयानिधान ! ओजस्वी राजन्य वरण्य !!
न्यायमूर्ति, हे महाराज ! अब कसरी सुन्ने यो तान ?
तब त मैले बिन्ती चढाएँ, भारदारको महिफलमा
टंके नै हो सबको आगो, जिरे खुर्सानी आकारमा
किन हो कुन्नि ईश्वरले पनि, यस अधमको जन्म दियो ?
अझ ब्राह्मणकुलमा हुर्काई, राजद्रोहको मन्त्र फुक्यो
धर्मशास्त्र सब साक्षी छन्, पाना पाना हरप हरप
उद्धृत गर्दै, औंल्याउँदै, भन्न सक्छु छैन गजब,
राजद्रोह एक यस्तो पाप हो, जस्को अर्को सीमा छैन
कुनै जाति औ कुल बताओस्, प्राणदण्ड दिन बाधा छैन
ठोक्नै पर्दछ तातो गोली, लुट्नै पर्दछ यसको हंस
समय छ प्रभो, बिन्ती लागोस्, अझै देखियोस् यसको अन्त !

आफ्नै महान् गुरुज्यूको, यत्रो आज्ञा पाएर पनि
सकेन जुद्धे आत्मा उठ्न ब्राह्मण हत्या गर्न अघि

कसरी फेरि हुकुम देवस् अब त यहाँ जन्मिसकेथ्यो
आत्महार औ भयको, एक नपुंसक लउको,
झंडामुनिको बैठकबाट बम्किए ती महाराजः—

" भैंगो जे भो भनिसक्यौं, फेर्दैनौं हामी हाम्रो बाचा
लै जा बरु शहर घुमाउन, यी चण्डालका फौजलाई
देखून् सारा दुनियाँका आँखा खोली यिनका पाप कहानी
नराख् नराख् एक क्षण पनि, ती पापीलाई हाम्रो सामु
चुक्ता गरून् तो बांकी हिसाब, गोलघरकै चर्पी सामु"

+ + +

तर हिम्मत हारे राणाहरूका, एक एक बुज्रुक भारदारले
बर्सन थाले, के हुने हो ? यो ज्यूदा मूर्ति घुमाउनाले
फिर्ता लिए महाराजले, आफ्नो बेहोशी हुकुमलाई
हारको त्यो तीखो झस्का; चिमोट्न थाल्यो उनलाई;
त्यस त्रासले बाटो पायो, सिंहदर्बार औ झ्यालखान बीच
तैपनि कस्तो मेला लाग्यो इन्द्रजात्रा हेर्न भने झैं;
दुनियाँका घर घरबाट, बैरिए आत्मा बलंदै;
एक सुईको चुईकी बन्यो, एक छेस्को जंगल भो
हेर्दा हेर्दै मनुज सागर, हृदयबोको जम्मा भो
वेदनाको, चाहनाको, यो मानो यौटा जुलूस थियो

गाई जात्रामा सद्धै मानिस, भूतप्रेतका जामा लाउँछन्
त्यस समाजका कुना काप्चा, खोत्ली खोतली देखाउँछन्
आज अर्कै जात्रा हो यो, होइन भूत श्रौ प्रेतहरूको

साँच्चै मानिस डोऱ्याई. मानवताकै बेइजत हो हो
चारपाटे शिर खौरेको, जुठो वोहोता हात लिएको
सुँगुरका आन्द्रा बेह्री, मानिसलाई दैत्य भनेको
झुत्रा झात्रा बोराहरूले, वरिपरि राम्ररी बेऱ्हेको

जंगली मानिस छोपे झैं, भाग्न नदिई घेरिरहेको;
अब भयो रे वीरहरूको, आजैदेखि धर्म-नाश
उनको पुण्य फुत्त छली, गर्दैछ रे दर्बारमा नाच
तर चम्किरहेछन्, उनका सुन्दर मूर्तिहरू
बेफिक्री अनि शान्त्वनाको, दुनियाँमा वरदान छरी,

बूढा बूढी, तरुना तरुनी, साना साना बालक पनि
हेरिरहेन्; कसरी चम्वयो ! यी दोषी ? को रूप भनी
"दोषी मानिस शिर झुकाउँछन्, जस्तो चोर लाज मान्छन्
उनका आत्मा कुहिई सक्छन्, अनि त्रासका दुर्गन्ध उड्छन्
ख्वै र यहाँ ती सब चाला ? देखिरहेछौं अपूर्व प्याला
मानो शक्तिको रसभरी, पिलाइरहेछन् मीठो सुरुवा"

अघि पछि लाग्ने सिपाहीहरू, टुलुटुलु हेर्छन् उनका मुख
संभिन्छन्, काँप्दै, कसरी ज्वाला, बालेथे तिनले हर्दम उन्मुख
"यो त गजब हो, कुन शक्तिको, साँच्चै नै अवतार रहेछ

नत्र कसरी, त्यसरी निर्भीक, गोलीसरि बाक्य छुट्छ ?
हेर अहिले हिँडिरहेछन्, मानो यी हुन् मौसम केसा
रहर लाग्दा, नखाई कनै डम्म डकार्दा"
भन्छन् लस्कर मानिसहरुका, खौसखास खुसखुस बात गरी

"को हुन् यस्ता ब्रह्मा जस्ता ? हाँस्न सकेको कति अमीर ?
दुःख परे पनि रून नजान्ने, यी हुन् पक्कै देव सरी
कस्तो पाप यिनले गरेछन्, जान्यौ के तिमीले साथी ?
म त भन्छु-यी हुन् सच्चा, स्वच्छ हृदयी निरपराधी."

मेला सकियो, मेला सकियो, नेताको मूर्ति जेल पस्यो
तर मनको छापा तैलचित्र झैं, घुम्दै नाच्दै चम्किरह्यो !
घर घरमा, मानिस गुन्न थाले:-

"अब ती नेता के भए ? ..
अपराधी झैं दब्न गए, अथवा झन् स्मरणीय भए ?
ब्राह्मणहरूको जात लिएर, के तिनको करतूत निभ्यो ?
हेर कसरी झन् सल्कनेछ, हावाको अब बेग बढ्यो"

\+ \+ \+

(३)

आज रातको विभीषिका, हेर्दै कस्तो डरलाग्दो छ !
यसका अन्तर – कुन्तरबाट, एक ज्वाला दंकिरहेछ !
माघ मासको औंसी रात, एक बिकराल छाया दिन्छ
कुहिराका ती कणकणलाई, विद्रोही झैं हुरुरु उडाउँछ !
कस्तो स्याँठ ! कस्तो हुरी ! आज नेपाल बढार्दै छ
मानो, भोलि बिहानसम्म, सारा पृथ्वी साफ हुनेछ,
देख्ने छैनन् कोही आँखा, कत्रो परिवर्तन यो आयो !
कसरी सर्वत्र बेग हानी, यसले कूडाकर्कट सोहर्‍यो ?
मध्यरातको त्यस किनारामा, तारा-गणहरू रुन थाल्छन्;

भावी बीभत्स रसको याद, पाई शायद आँसु पुच्छन्;
छैन यहाँ शोकपुरीमा, आश्वासनको हावा
सर्वत्र देखियो करुण रसको, अर्को, बेग्लै, छाँया;
मेघ पनि ती उत्तरतर्फ, हिमालयसित बिदा माग्छन्

झुम्मिई झुम्मिई, गोलघरका छानामाथि टक्क अडिन्छन्;
चडडड मेघ गर्जी आयो, एक विजुली सररर दगु-यो
एक व्यथाको एक चित्कार, आज यसले सुनाइरहेथ्यो
"रोक रोक यो कालो करतूत छेक छेक यो अप्रिय स्वरूप
हेर कसरी बढ्न थाल्यो, वीरहरूको छाती नजीक"

सेन्ट्रल जेलको शिवालयमा, पाटीमाथि बच्चा रोयो
आमाको त्यो रुख्खो छाती, चुस्न नपाई छटपटायो
पिपलको त्यो अग्लो बोट, झाङ्गिइकन हेर्दैथ्यो
"के भयो लौ के भयो ? किन मेरो शरीर काँप्न थाल्यो ?
हुनुनुनु हावा गडडड मेघ" यही उसको स्मृति थ्यो
लौन संहार बग्न थाल्यो, छौ त कोही थामी द्यौ'
शिवालयको भित्रि मूर्ति, मौन वेदना गाइरहेथ्यो
'उठ्न सके यदि मानिस झैं, रोक्थे, रोक्थे" त्यो भन्थ्यो
घोर अन्याय, अत्याचारको, किन यस्तो दुर्गन्ध उडेको ?
कता गए ती फूलका विरुवा, सुगन्ध तिनको किन अडेको ?"

आए तीन राता भ्यान, त्यस रात्रीका बीचमा
तिनको थररर आवाज कस्तो, वातावरणै चौकन्न
निक्ल्यो रावणको त्यो छोरो, 'मेघनाद' झैं गर्केर

म्यानको स्थूल शरीरमा, कम्पनको सञ्चार गरेर
जस्को तीतो नाम "पहलमान्" बोल्न थाल्यो थुक छरेर:-

"खोल् त्यो ढोका खबरदार ! कतै कोही नबगोस्
मानिस मात्रका कानको, एक एक जालो टालियोस्
आज यौटा, लीला हुनेछ, राजद्रोहीका प्राण लिइन्छन्
भोलि देख्नौ कहाँ कहाँ तो, लाश बनीकन झुण्डिरन्छन्"

ढोका उघ्य्रो त्यो रातको, बिजुलीको स्वीच अफ गरेर
चकमन्न अँध्यारो नाच्न थाल्यो खुशियालीको गीत छरेर
खडा थिए ती, कडा थिए ती, जेल झेलका पालो पहरा;
स्वप्नबागमा वीरात्माले, देखे नेपाल आमाको
एक ठूलो मूर्ति सामु, भक्तिले बलिदान गरेको
बिउँझाइयो आँखामा पट्टी बाँधी बाँधी डोऱ्याइयो
भिन्दाभिन्दै भ्यानमा राखी, एक नाटकको पर्दा गिऱ्यो

+ + +

हररर दौड्यो यौटा भ्यान, दक्षिणको बाटो पक्रेर
चोकीका ती पुलिसहरू, छक्क परे सनसनिएर
मानो यौटा अपराधी झैं त्यो भ्यानको पाङ्ग्रा गुड्थ्यो
ढलमलिई, हतपताई, एक सासले सतर्क बनी
अडिन पुग्यो पचलीभैरब, एक बृक्षको हात समाई !

अब शुरु भो पूर्ण नयाँ नेपालमा एक कहानी
थाहा थिएन कसैलाई, कस्तो यसको आनी बानी

आधारातका छातीमा, अशान्तिको बज्र गिऱ्यो
चकमन्न छटा टुक्रा टुक्रा, फुट्न गए झैं छरबरियो !
सेन्ट्रल जेलको चौगिर्दामा, कुनाकुनाका गुलुबहरू
चारसुरका बुर्जाहरू, वैलाएका चपटेहरू
मौन भावले हेरिरहेथे, हृदय फुटाली रोइरहेथे
भद्रगोलको अग्लो ढिस्को, हेर्न नसकी लुट भयो रे
तल बागमती अविरल छाल, छ्यालब्याल छ्यालब्याल
फ्यांकिरहेथ्यो
बिद्रोही सब गीतहरूको, ताल सुर त्यो जाँचिरहेथ्यो
बीच बीचमा बग्दै बग्दै, सुप्त बालुवाउफी हेर्थे
शायद देखे होलान् तिनले, नरहत्याको नाट्य रचेको ।

शुक्रराजको ज्युँदो प्रतिमा, मोटरको पेटले छाद्यो
त्यो अग्लो, योग्य, राम्रो छायाँ, अन्धकारमा टल्कन थाल्यो
उसका तनका प्वाल प्वालमा, उब्जेका ती काँढाहरुले
बिदाइको भेट स्वरूप लौ, तारागणको ढोक गरे,
मनुष्यत्वको हावा मात्रै रत्तिएर पनि चाख्न नपाई
जीवनको अन्तर्तहमा बस्ने, कोमलताको ज्ञान नपाई
बोलाइरहेको, राल छुटेको, पागल नाले–पशु झैं
नारकीय त्यो जीवन बनमा, घुम्दै शब्द उचाले झैं
प्रश्न गऱ्यो, पाप कुण्डको 'पहलमान्' नामको गोहीले–

',भन् लौ अहिले के चाहन्छस् ? नरमेध हवनको बोको
मिल्छ तँलाई फूल अक्षता, विश्वभरिका बस्तु भोको ?'

जीवनको यस अन्तिम क्षणमा, ईष्टदेव कुल साक्षी राखी
माग हृदयको प्यारो बस्तु, मृत्युको क्षण भुल्ना लागि
हेर, यही रूखको हाँगो, तेरो प्राणको चिडिया माग्छ ।

वीर बोल्यो गम्भीर मुद्रा, चौडा छातीलाई फुकाएर
एकान्त अनि चिर संभना, दियोमा तेल थपेर
कालरात्रीका यस बेलामा पनि, सौम्य भावको कान्ति छरेर
नभमा बल्दा ताराहरूको, मलीनतामा धैर्य भरेर
एक नौजवान खेलाडी झैं, सीधा धरहरा झैं उभिएर:–

'बाँचिरह्यौ, बाँचिरह्यौ, ए ! पापका कुण्डली हो ।
तिम्रो दयाको दानलाई, कुन मुखले बयान गरुँ ?
मेरो दिलको यस धुकधुकीमा कत्रो तिम्रो माया छ ?
यसको पुण्य यात्रा निम्ति, कत्रो प्यारो तरखर छ ?
तर, याद गर यो चौडो छाती, तिम्रो आशीस चाहन्न
यो चम्केको निधार पनि, तिम्रा बाहु चुम्दैन,
माग्छ त्यसैले, जसले जीवन-पथमा साहस छोड्छ
आत्माज्योतिको बल्दो पाला, आँखा चिम्ली भुल्छ,
म त उज्यालो नेपाली हूँ, नेपालको रंगमा खेल्दै
जूठा टपरी लात मारी, चोखाका निम्ति लड्दै
आइरहेथें, आइरहेछु, हिम्मतको पिङ मच्चाउँदै
हिम्मतकै तनले लच्काएर, फाँसीमा हाँस्दै झुल्ने
देश-सेवा औ समाज-सुधार गर्ने प्रबल शुद्ध भावना
वीरताका यी दुई तक्मा, झल्काई हिड्ने मेरो बाना,

यही सुन्दर सानो गीता–पुस्तक मेरो पावन छ !
जब चाहन्छु, तब पढछु, यही नै जीवन साथी छ,
पढछु अहिले अंतिम बेला, श्री कृष्ण प्रभूको भाषण
जसले सृष्टि संहार ग-यो, रची त्यत्रो महाभारत !

'कर्म क्षेत्रमा ऊक्ल ऊक्ल' यही भगवानको आदेश हो
यसकै पालन–पोषण गर्दा, यसरी आज म उभिरहेको
भन्छु आखिर निभ्ने बेला गीता नै हाम्रो आत्मा हो
यसमै हाम्रो जीवनको, सच्चा अनुराग भरेको
म त अहिले यौटा चिडिया, इन्द्रासनमा पुग्न हिंडेको
भयका हावा किन छुन्थे; देखी यी कोमल पंख उडेको
तर यो चिडिया पृथ्वी तलमा, आयो केही सन्देश दिन
दु:खी, दरिद्री, दलितहरूको, जीवनमा चर्को बिगुल फुक्न
दमन नीतिको सिक्री तोड्नु जीवनको पहिलो माग
यसमै मृत्यु तर्सी तर्सी, भागी बग्दछ मुग्ध सुवास
आज गीताको वाणीलाई, राणाशाही लत्त्याउँदैछ
त्यसकै रक्षा गर्ना निम्ति शुक्रतारो ज्यान दिंदैछ"

क्षणभरमै खतम गरियो, यस वीरको इह लीला
झुलन थाल्यो त्यस हाँगोमा, त्यस वीरको दिव्य छटा
प्राण उसको उडी–सकेथ्यो, किक्लिक किक्लिक गर्दै
दुइ चार बाजो, छटपटाई, आखिर ,सरल शान्त हुंदै
तर गुन्जिरहेथ्यो, त्यो धर्म गुरुको, गीता वाणी वागमतीमा

\+ + +

अर्को भ्यान दशरथ, गंगा, बोकी कुद्दै भाग्न थाल्यो
काठमाण्डूको सुप्त चेतना, स्वप्न देशमा चलमलायो
भुकिरहेथे, टोल टोलका, ती इमानदार कुक्कुर
कतुवार मात्रै जसको जीवन, साँचो राख्ने दस्तुर

के भन्छस् तँ दशरथ हूँ ? ह्वैनस् स्पाते ठकुरी बच्चो ?
अब आफैं अहिल्यै फैसला गर्, तँ कच्चो कि पक्को ?
तेरै पहिले आत्मा उडाई, अनि त्यो गंगे तेर्स्याउँला कि ?
तेरो पिशाची मृत्यु देखी बेहोश भै त्यो पहिल्यै मर्ला,
त्यसो भएमा गोली बच्छ, अझ ढुकुटीको धन बढ्छ
फेरि हान्ने पोडेलाई, ताकी रहने के जरुरत छ ?
"अठारहरिया अहिले मेरो बाहु समाती तैनात छ
तँ लाछी पनि बाँठो भै, त्यति टाढा बसी बोल्दैछस्
नत्र देख्थिस् को हों 'दशरथ', बैतडीको रसिलो पानी
रमरमाउँदो महाकालीको, हावाले हुर्केको जवानी
त्रिपुर सुन्दरी साक्षात् भगवती, कुलदेवीको आसिकमा
छाती फुकाई बढी रहेको, बज्र हृदयको सुन हुँकारः–

"ठानिस् तैंले हामीलाई, एक साधारण मान्छे ?
जो घुम्छन्, डुल्छन्, हाँस्छन्, रुन्छन्
संकट औ हर्ष हुनाले,
हामी ह्वौं ती कठोर मानिस, जसका हृदय ढाल समान
गैंडाका खाग जस्तै, छुट्छन् बलिया, ठोस जवान
सक्छस् यदि हिम्मत क्यै छ ? आइज कुस्ती एक एक साथ

खेलौं यही विष्णुमतीको, बगरमा आत्मविश्वासका साथ,
बन्दूकको त्यो नली पक्री, भैरहेछस् शेरसमान
गर्जी गर्जी हाम्रो आत्मा, तोड्न खोज्छस् कत्रो शान
तेरा सेखी दुर्गन्ध बनेर, उउलान् यै आकाशमाथि
कुहिएको तेरो लासलाई, श्याल गिद्धले पनि नरुचाई
पीठ फर्काई घृणा, लाञ्छना बालुवाले पूजा गर्लान् !
स्वतन्त्रताको शत्रु तेरो, आत्मालाई ललकार्लान्,
हान् जसलाई तेरो इच्छा, खुला छ छातीको आस्मान
किन लिन्छस् भगवतीको, तँ पापी यसरी नाम ?
उनको पवित्र आत्मालाई, डोऱ्याउन खोज्छस् नरक द्वार ?

तर, यदि तेरो वंशको नै, कतै रत्तिभर साहस छ
पख् अझै तीन घडी रात, भोलि बिहान भोर हुन्छ,
नुहाउने ती सारा मानिस, यस गंगाको तीर
पूजा गर्ने भक्तहरू सब, त्यस मन्दिरको द्वार
सारा जम्मा होऊन्, अनि पछि पढ्न सकेस् त्यो फरमान
जसले गर्दा हामी दोषी हुन्छौं, हुन्नौं दृष्टि समान
भनुन् सारा दुनियाँहरूले-"तिमीहरु पूरा दोषी छौ"
अनि हानेस् यो छातीमा, गोलीका मनलाग्दा फैर,
मध्यरातमा चोरी गर्दै, आत्माको टङ्कार बिर्सी
झ्यालखानको ढोका फोर्दै, स्थूल कायाको ममता पुछी,
पस्न सकिस्, त्यस बन्धनमा, जहाँ तेरो राज छ
कसरी यत्रो बायुमण्डल, तेरो कातरता हेर्न सक्छ ?
तँ पाजीको बातलाई, त्यो लुते कुक्कुर टेर्दैन

यस बगरको छेऊछाऊ ढुङ्गोले पनि हेर्दैन,
तमाम दुनियाँको रगत पिई, सूँगुर जस्तै बोसो हाली
घुमिरहेछस् यस स्थानमा, शंकाको धार बगाई,
देख्लास् गोली छोड्नेबित्तिकै, त्यस निधारमा कस्तो टाटो !
बोक्सीको तिघ्रामा झैं, डाम्नेछ टिका कालो कालो
खास दोषी को रहेछ ?–छुट्याउलान् नेपालीले
एक करोड देशवासीले सलाम ठोक्लान् वञ्चरोले ।

तर–

सुनिस् उल्लू, जन्म अन्धा, यी त सारा बात मात्र हुन्
तेरा पुस्ताका पुस्ताले पनि, यसमा साक्षी बक्न सक्दैनन्
तेरो खूनी आत्मालाई, आज यत्ति चुनौती दिन्छु–
हानेस् सीधा फायर अडिई, पहिले प्यारो गंगा माथि,
मेरा गाला चाउरिन लागे, घस्काएका कागज झैं
छातीका रौं उम्रिसके यी, निर्भिकताका बिरुवा झैं
गंगा मेरो कम उमेरको, ऊ मेरो मृत्यु नहेरोस्
मै हेर्छु, जाँच गर्छु, उसको मृत्यु कसरी होस् !"

यत्तिकैमा वीर गंगा, फुत्त बिजुली झैं उड्यो
आक्रोशको ज्वाला छोडी, प्रकृति नै थर्काउन थाल्यो:–

"ए, पहलमान् ! बिर्सीस् तैंले ? तेरा पुर्खाको नपुंसकता
विश्वासघात औ बेइमानीको, हुंकन्थे जो पंखा,
बाबु, दाजु, कोही नभनी, खूनको सिर्का पिउँथे

त्यसकै तातो तातो हावामा, हाड खोस्न अघि सर्थे
तँ तिनकै सन्तान ह्वैनस् ? बोतलका भरमा जिउने
हटा नशा त्यो अनि हेरौं, मेरो तागत त्यो बोल्ने
गंगालाल बच्चो हो रे, कसले तँलाई भन्न आयो ?
उसको छाती सानो पात, नापी लिने हो को त्यो ?
ल्या त्यसलाई यहाँ म, हो होइन प्रमाण दिन्छु
त्यस पागलको खुस्केको होश, क्षणभरमै जगाइदिन्छु
कसले भन्दछ तेरो आकृति, मनुष्य मात्रको अंश हो
कसले गन्दछ तेरो विस्मृति यो त सीमाहीन सागर हो
जीवित राक्षस आज खडा छस् मनुष्यताको महलमा
हाड, छाला, रगत मात्रै सँक्छस् काँचको प्यालामा
तेरा फर्मान् मरुभूमिका बालुवाका सुख्खा हावा
हामी आफ्नो उर्बर बाली, सिंच्ने रसिला फोहोरा
कसरी सुनौं तेरो गर्जन, सिट्टा साँढे गर्जे झैं
यो त हाम्रो इज्जत जाने, वीरताको शत्रु नै
हेर्, बेहोशी आँखाका नानी, च्यात्नसकुन्जेल उघारेर
इन्द्रचोकको डबलीमा बोल्ने, वीर गंगालाल यहाँ खडा छ
याद छैन के, उत्तिखेरै, उसले छाती खोलेको ?
हज्जारौं नेपालीलाई, क्रान्तिको सन्देश फुकेको ?
अब के सोध्छस् कसले खोल्छौ ? छाती पहिले आलो पालो
हाम्रा छाती सँधै खुला छन्, च्यात्न अन्धकार जालो यो
कति राम्ररी गंगाजीले, हम्किरहिछिन् हावा
भुक्ति मुक्तिको दुइटै द्वार, पस्नलाई पारी खुला

सुन् तसंलास् श्याल करायो, यो त ठूलो मसानघाट हो
यहाँ ज्यूँदै भूत प्रेत, शुण्ड मुसुन्ड शिवका गण
फुटबल श्रौ क्रिकेट खेल्छन्, तँ जस्ता लाछीहरूको
अब के को देरी, किन श्रडिइस्, अलि बेरमा भोर हुन्छ
तेरा घरानियाँका मासु लुछी दुनियाँले ठूलो भोज लाउँछ
गर् के गर्छस्, किन ल्याइस् ? तैयार छौं हामी लड्नालाई'

सुन्न सकेन, सुन्न सकेन, पहलमान्का पापी कानले
उम्लिरेहेथ्यो उसको घृणा, नरभक्षणको तृष्णाले
दुई बीरका शब्द रूपी, दुई तलवार चम्किरहेथे
उसको अहं भावनामा मार हान्दै काँपिरहेथे,
उनीहरूका शोभित मूर्ति, दुई किल्लाका बार बने
श्राज्ञा पाई पोडे सुरियो, बन्दूक थामी कम्पनले ।

हृदय उसको छटपटायो, प्यास उसको बढ्न थाल्यो
विष्णुमतीको चोसो पानी, घट घट तुर्न मन लाग्यो
काँपिरहेथे उसका हात, मानो पिप्पलकात पात
के भएको बुझ्न सकेन, रित्तो थियो उसको माथ,
श्राँखा उसका तिरमिराए, मानो ध्रुवतारो देखेर
कान उसका बन्द भए, मानो गर्जन सुन्न पुगेर
क्रान्तिकारीका सत्य भावना, हृदयतलमा रोपिएर
निस्तब्ध रात्री हेरिरहेथ्यो, शुद्ध हृदयको बग्दो धारा,
चाहन्थ्यो हो तर्पण दिन, त्यस पोडेको बलिन्द्र धारा

फेल खायो, फेल खायो, उसका काला हातहरूले
बोल्न नसकी दन्त बजाई, घोरिन थाल्यो कल्पनले
पहलमान्का नेत्र पल्टी, एक पशुता जागी आयो:–

"ले पाजी ? कहाँको कुक्कुर !! सकिनस् तैंले गोली छोड्न
ती दुई धिच्रे सारसलाई, हाँसी हाँसी फ्याँक्न ?
छोड् म हान्छु, आफैं मार्छु, यी बाहुका तेज अनि
देख्जान् पशुहरू आमा संभी कति भयंकर यो रजनी !"

ठाईं य, ठाईं, ठाईं गोली छुट्यो, उसका अस्थिर हातबाट
फन फनाई रातो गोली, भेद्न पुग्यो तारोनेर
कसरी सक्थे पापी हात, काँपिरहेका दुइटै काँध
पापको त्यो तातो राग, छेकिरहेथ्यो मानो बाँध
चम्किरहेथे चारै आँखा, हाँसिरहेथे राता गाला
जीतबाजीका धारमा उभिई, तैरिरहेका वीरात्मा

त्यत्तिकैंमा कुल्यों टाढा, तिघ्रामा रक्त–धार लिएर
दशरथको त्यो परुष बचन, पहलमानका कान चिरेर:–

"हान् अभ्र तेरा बाबुलाई, रौं 'छ भने, त्यस छातीमा
आमाको छोरो दुध पिएको, भएदेखि जन्म लिंदा
उहिल्यै तेरो प्राण उडेथ्यो, धाई बुढियाका मायाले
उभिनसकिस् अहिलेसम्म, उसकै तातो बलले
आज तेरा मुट्‌भित्र मनुजताको ताप छैन
यसले फुक्ने रगत नाला, शक्ति संचार गर्दैन

के हेर्न चाहिस् अत्याचार ? पिल्सी पिल्सी तड्पिरहेको
वीरताको वलिवेदीमा, साहसको अवसन भएको ?
रुग्न दशरथ, रुग्न गंगा, पृथ्वीको भार हुर्न आए
तेरा कुलका दानव लीला, एक सासमा निल्न आए
हल्लिरहेका तेरा हात, रूखका झीना हाँगा झैं
अब छिटै नै भाँच्चिनेछन् धमिरा निर्मित ढिस्का झैं
ए बाँची बाँची मरिसकेको, रक्तचापको ढल्दो शव
आफ्ना कुकृत्यको प्रदर्शनमा, लौ आ फेरि अघि सर्
देखिस् यत्रो चौडो छाती विश्व कथा सब थापी हिंड्ने

ललकारिरहेछ तेरो बन्दूक, नआटाएको गोलीले
हान् हान् लौ, किन पर्खेको ? किन चाँडै भयभीत भएको ?
हाम्रो आदेश आज छूट्छ, यही नै तेरो कर्तव्य भयो
नेपालको चिसो बतासले हेर् लौ ऊ, बिमान ल्यायो"

शब्द शब्दमा रक्तधारा, भुलभुलाई आइरहेथ्यो
एक अथाह वीरत्वको, बाणी मुखमा झुम्मिरहेथ्यो
नेपालीको खुकुरी झैं, दापबाट त्यो निस्क्यो
गंगा फेरि शान्त स्वरमा, एक चुनौती दिन थाल्यो:-

"खुशी छ गंगा, खुशी छ दशरथ, आजै तेरो हार देखी
यत्रा छाती खोलिदिंदा पनि, मार्न नसकेको एक निसानी
ठूलो शिकारी, मुट्ठ उचाली, मृत बाघमाथि लात राखी
फोटो खिच्चिथस्, सूरो बन्दै, शिकार गर्दा चितौनें झाडी

खै त तेरा कसरत गर्ने, ती बलिया, मोटा हातहरू ?
एक नम्बरी तारो हान्ने भन्ने झुट्टा बखानहरू ?
श्याल कहाँको गुफा खन्ने ! राती राती भटचाउने
ए ! कातर पशु !! के टोल्लिन्छस् ? घंटाघर छ पाले ।

गंगाको यो प्राण खडा छ, तेरो कायर यात्रा हेर्न
ऊ मरेपछि फुल्कनेछ, उसको छोरो बदला लिन
कति उमंगी गीत म गाऊँ ? कति खुशीले नाच्न थालुँ ?
भरखर दुई दिन मात्र बिते, काखमा च्याँ च्याँ गर्दै होला
आमाको मीठो दूध प्युँदै, हेर्दोहोला अभिषेक घडा
उसको निर्मल स्वर्गीय आत्मा, आजादीमा उड्दो होला
भोलि मेरो आदर्शलाई, दिन आउनेछ पालो पहरा
हेर्, अझ उसको शुभ मुहुर्तमै, कति नेपालीको जन्म भयो
तिनको सत्य सुकोमल तनले, घरघरमा खुशीको दीप बल्यो;
किन अडिन्छस् ? किन अडिन्छस् ? छोड् त्यो गोली चाँडै
कष्ट दिएर सक्ने छैनस्, हृदय ज्यूँदो हर्दम उड्दै ।"

पापीहरुको पापी अनुहार, वीरहरूले हेर्न सकेनन्
नेपालीको रणभूमिमा, कलंक कहिल्यै पस्न दिएनन्
अशान्तिको, अत्याचारको, यो घिनलाग्दो मैदानमा
वीरहरूको मृदङ्ग अघि झैं, बजिरहेथ्यो उच्च स्वरमा
आखिर ५।६ गोली उडी, ती विभूति तन्कयाइए
मृत्यु, रगतको द्वार बनाई, भित्र पसिकन शान्ति लिन्थे
शान्त प्रकृति, विष्णुमती, क्षुब्ध हृदयको गीत बुन्थिन्

\+ \+ \+

अझ ज्यादा छटपटाई, तेस्रो भ्यानले सिफलेमा
घननन, घननन शब्द उचाली, थर्कायो त्यस घरकी आमा
के राक्षस आयो ? अथवा अर्कैं, राँकेभूत दौडन थाल्यो ?
लाग्छ मलाई जलिरहेको, भरभर ज्वाला आगाको
ब्यूँको दक्षिण बाटोमुन्तिर, एक कुनामा सुतिरहेको
केश फुलेकी, हृदय उठेकी, एक बुढिया झ्याल खोल्दी

सामुन्नेको अग्लो रुखमा, बाघडोरी लट्किरहेछ
निख्खर सेतो सर्प जस्तो, टिलटिल टिलटिल चम्किरहेछ
चकमन्न दिशा, अग्ला होचा, वरपर घरका प्रत्येक छाना
छाती फुकाई नभमा तारा, एक सुरमा गनिरहेछन्;
पहलमानको विशाल काया, गुरुप्रति गरिने कुत्सित धावा
वर्की फर्की हेरिरहेछ, हत्याको मन रंगाइरहेछ
मनुष्यत्वले खिसी काट्ने भयले पसिना छोडिरहेछ,
साँच्चै नै लौ कुम जोर्न भने झैं, दानवता ललकार्न भने झैं
देख्यो उसले त्यस बुढियाको निर्भिकताले झ्याल खुलेको
क्रोधाग्निले डामिनजांदा, औडाहाले बौरिनजांदा
पिलिक्क पल्टे ती दुइटा, उसका शराबी आँखा:-

"ठोक् को हो त्यो झ्याल खोल्ने ? यस आधा रातका बीचमा
ढीक फुटाली, सिक्री चुँडाली हेर् हेर् को त्यो पशु रहेछ"

ढ्याम्म झ्यालको खापा लाग्यो, ती बुढियाको हृदय काम्यो
"किन रातो गाडी, पुलिस, सिपाही ? केको ज्वाला दन्कने हो ?

आज मेरो छाप्रो सामने, के को अचानो तेर्सिएको?
हे परमेश्वर ! पशुपतिनाथ !! लौ न मलाई शरण देऊ !"

त्रासभित्रको कौतुहलमा, तैपनि इच्छा बग्दै गो
कम्पनको सेकेन्ड सूई, मिनट र घंटा गन्दै गो
पाको अनुभव, जीवन देख्न, उम्ली उम्ली आत्तिरहेथ्यो
मृत्युको यस सँघारमा पनि, स्पन्दनको ढोका देख्यो;
गजब देखियो गजब देखियो हेर मुटुले ठाउँ छोड्यो
छातीको त्यो धडकनमा, हेर कसैले ब्रेक लगायो
ती बुढियाका गहभरि उर्ले, ममता औ मानवताका विन्दु
मानो उनकै पुत्र गयो नि, बिर्सी उनको प्रेम कुसुम

तर–

"शायद जान्यो होला त्यो, अमर क्रान्तिको सेनानीले
नेपाल–आमा प्रतिनिधि बन्दै, रोइरहेकी बुढिया त्यो
भन्न खोज्थ्यो उसको पौरुष, पहलमानको शक्ति उचाली
"नरुनोस् आमा, नरुनोस् ! छाम्नोस् लौ मेरो छाती
केश फुलाई, हृदय उमाली, दिनुभएको मीठो चुम्बन
के बिर्सन्छे ? अहिल्यै आमा ! नपुछी अश्रु बीच नयन
जीवित छू म, जीवितै छु, यी पापीहरूलाई सजायँ दिन
हिम्मत मेरो डब्ल्याइदिनोस्, के बेर लाग्छ लौ हाँस्न ?"

पहलमान्को मुखबाट, त्रसित आतुरता सुनियो:–
"मर्न सकेन, मर्न सकेन, हेर पासो के बिग्र्यो ?
भ्रम भयो वा साँच्चै हो ? यो त झन् झन् मोट्टायो"

हाँसिन्, हाँसिन्, घरकी आमा, घुँक्क घुक्क बजाई
मातृत्वको एक एक गेडा, आफ्ना गलामा अड्काई
जब सुन्न पाईन् पहलमान्का, कातर शब्द मुखबाट
बग्न थाल्यो हर्षाश्रुक, एक अज्ञात, अविरल धारा;
बन्द झ्यालको सान प्वाल, उनका निम्ति विश्व बन्यो
विश्वभरिमा सर्वोत्तम, जीवनको संचार यहाँ भो ।

धर्मभक्तको साधनाको, यो ठूलो करतूत थियो
होश उडेको पापी चेलो, यत्रो रहस्य कसरी बुझ्थ्यो ।
रोकिदियो त्यो वीर पुरुषले, आन्द्रादेखिन् आफ्नो प्राण
जसरी गर्थे होलान् ऋषिमुनि, परब्रह्मको अनुसन्धान
गम खाए मानिस सारा, घटनास्थलका लहरा !
फाँसी बोक्ने रूख भन्थ्यो:–

"धत् कहाँको ज्यानमारा !

पहलमान् तँ, तेरै सन्तति, बोक्लान् यत्रो पाप
नरक यात्रा गर्ने खुशले, कर्माकर्मको बेहिसाब
बोक्दिन एक, दुई, तीन म त, तेरो जघन्य अपराध
हे परमेश्वर ! मेरा तनमा, कतै कलंकी टिका लाग्ला
प्रेमाश्रुले फेटिएको, सिंदूर अक्षता मात्रै दे"

हल्लियो त्यो रूखको हाँगो, हल्लिए झैं त्यो पृथ्वी
हल्लाइरहेथे वायुमण्डल, श्यालहरू विद्रोह मचाई
दोस्रो पल्ट पासो लाउन, पासोको चीरफाड भयो
व्यर्थ थियो ऊ निरोगी, केवल रहस्य दौडिरहेथ्यो

अब धर्मभक्तको बायाँ हात, त्यस बाघडोरीमा अडियो !
मानो सुन्दर लहरदार क्रीडा यसले भेट्टायो
किन जान्थ्यो त्यो वीर आत्मा, सत्धर्मको छाप नछोडी
पिङ खेल्दै दियो उसले, एक लात त्यो छातीमाथि
जसको भित्री बाहिरी टालो, संझाउँथ्यो पहलमान् भनी

फेरि अर्को बिजुली चम्क्यो, एक छिनमै बास्ना फिजियो
त्यस कोठाकी ती बुढियाको, हृदयतलमा शान्ति छायो !

रन्थनिंदै, ढुनमुनिंदै, लड्न लागेथ्यो जसै
पहलमान्का दूतहरूले, सोझ्याए हुलुका हात दिंदै
भूत लाग्यो, प्रेत लाग्यो, वा कुनै केही जीव लाग्यो
होश खुस्की लरबरिंदै, बरबरिंदै ऊ भन्न थाल्यो:–

"के भयो नि, के भयो यो ? कुन अपरिचित बज्र आयो ?
देवदूत कुन स्वर्गपुरीको, भीषण चक्र उजाई आयो ?
ए ! धर्मभक्त ख्वै ? हेर उक्ल्यो, कठघराको टाउकोमा
वृक्ष–शाखामाथि बस्दै, सास फेर्ने दाउमा छ
छेरुवा त्यो मृत्युदेखि, के त साँच्चै हुत्तियो हो ?
चौडिएको छातीमाथि, केही धक्का दी गयो हो ?
ह्वै न ह्वै न उसको चेतन, जहिले कहाँ पुगिसक्यो हो !
झुल्दै झुल्दै कठघरामा, अब छिटै ऊ शव हुनेछ
कर्मको फल भोग गर्दै, नर्कको पथ सोझिने छ"

भ्रम थियो यो भ्रम थियो, रन्किएको त्यस दिमागमा
पिल्सिएको छाती छामी पिलपिलाउँदा नेत्र बाली
आत्मग्लानी बिष दिएर घोरिएको त्यस बखतमा
अकमकाई चेत खुस्की, शब्दको झन्कार पाई
झस्की ठस्की सुन्न थाल्यो, धर्मको हुँकार यस्तो :–

"छोडिसकें त्यो पहिलो आत्मा, नेपाल आमाको रेखदेखमा
जसको रक्षा गर्न भनेरै, लात कसें तेरो छातीमा
मानवताको रक्षा गर्न, सिकें मैले पहलमानी
दानवलाई दण्ड दिएर, हृदय उठ्दछ बेफिक्री ।
चेलो थिइस् तँ पहिले मेरो, आइस् आज शत्रु बनी
अरू दिन्न चुनौती लडनालाई, आखिर होस् तँ खरानी,
यस शरीरको एक एक रौंमा, हात कसैको पर्ने छैन
यस आत्माको स्वच्छन्दतामा, दासता पनि उक्लँदैन
अब त आफ्नै खुशीले तेरो, साम झुल्दै प्राण त्याग्छु !
पछि पछि आउने सन्ततिलाई, मृत्युमाथि विजय सिकाउँछु"

आज जान्यो त्यस चेलोले, गुरुको शक्ति कति बलियो !
धूर्तताको आड लिएको, उसकै चेलो कति निफरो !
रल्ल टल्ल थे उसका आँखा, शोचशून्य त्यो दिमाग
किंकर्तव्य–विमूढ एक शिला झैं, आत्मबल सब बेमाख
एक निस्वास छाड्न थाल्यो, आफ्नो गुरुको फाँसी हेरी !
आखिर छोड्यो वीर धर्मले, जानी जानी आफ्नो प्राण
चाहँदो हो यदि अझ पनि, रोक्न सक्थ्यो अघिझैं प्राण

यो त योटा नाटक मात्रै, खेल्न अलि बेर चाहन्थ्यो
विस्मित पारी अत्याचारी, हृदय फुटाल्न सुरिएको !
अन्तिम घडीको एकांकी नाटक खेली पर्दा ओर्ल्यो
उही घरकी बूढियालाई, थप बेदनाको अर्घ्य चढ्यो !

\+ \+ \+

## ( ४ )

नेपालीका भक्त हृदयले, छोडेनन् आफ्नो गंगास्नान
सरस प्रेमको धारस्वरूप, बागमतीको जलपान
गर्मी, ठण्डीको जोख–तौलको, यो कत्रो संमिश्रण
हृदयभित्रको पुण्य रागको, तातो तातो किरण
गुहेश्वरी अनि शोभाभगवती, पशुपति औं पचलीको
शान्ति प्रेम औं मारकाटको, यो दुई हाते बरदान !
एक रंगमा धैर्य उज्यालो, अर्कोमा बदला भाव
दौडिरहेथ्यो नेपालीका, नसा नसामा यो अभियान
बोलिरहेथ्यो, पूर्व दिशामा, आगाको थाली चंकेर
कुहिरी नगरी चीरफाड गरी, अभ्यन्तरको क्रोध छरेर
बागमतीका, विष्णुमतीका, अन्तरमा गुड्नें तारा
नवाऽलोकको तुहिन छटामा, लोलायित ती धारा
संगसंगै, ती दौडिरहेथे, शहीदहरूका स्मृति
उनको चौडो छातीमाथि, टाँसिएको कालो पुर्जी:–
"राजद्रोहीको यै गत हुन्छ ! राजद्रोहीको यै गत हुन्छ"

जपिरहेथ्यो नेपालीको पचलीको त्यो लस्कर
पश्चिमपट्टि दौडिरहेथ्यो शोभा–भगवतीको लस्कर
आखिर पूर्वी राह दियालो, सिफलेको आकार पढेर
सुँक–सुँकी औ अश्रुसिन्धुका, बेगन्ती धार पुछेर
गाइरथें हृदयविदारक, गीत अनौठो चिक्कारेरः–

"हेर कठैबरी कस्ता राम्रा, कलिला, बलिया मानिसलाई
रूख रूखका हाँगा बोकिरहेछन्, तृथ्वीको भार उचाली
छैन शक्ति लौ हाँगाहरूमा, अति भारले नुहिरहेछन्
तेर्छी, तेर्छी कता कता पुगी, निन्याउरो भै सास फेर्छन् !
शुक्रराज त्यो गीता पढ्ने, बेदव्यास झैं साधुलाई
इन्द्रचोकको डबलीमाथि, ज्ञान सुनाई तार्नेलाई
आज यत्रा हाँगामाथि, कसरी निठुरीले झुण्ड्याएको ?
बरा कत्तिको अप्ठेरो भै, हेर मुन्टो दोन्याएको !
लौ न, कसोरी हेरिसक्ने ? लौ न फसोरी बोलिसक्ने ?
ओडाहाले छाती पोल्छ, कलेजोमा के लगाउने ?
छन् कतै के डाक्टर वैद्य, यस रोगलाई निको पार्ने ?
परमेश्वर ए ! हेर्छस् कसरी ? के अहिले इन्साफ नगर्ने ?
के कसुर हो ? यसको भनिदे, के बिरायो यसले कहिदे !
आ न आ त्यो शैय्या छोडी, लौन चाँडै मालिस गरिदे"

'अहो लौ न नि, कसरी हेर्ने ? यहाँ त अर्के उपद्र रैं'छ
धर्म जस्तो पहलमान्को, लास हल्लिई झुण्डिरहेछ

धर्मभक्त त नारानहिटीमा राजालाई कुस्ती सिकाउँथ्यो
महाराजा–धिराज उनको चेलो, कसरी यस्तो अनर्थ भयो ?
कठै कस्तो हृष्ट पुष्ट छ ? मानो हात्ती जित्ला जस्तो
तर चेहडा शान्ति भावले, हेर अझै पनि वलिरहेको !
राजकुलको दायाँ बायाँ, वसी यसले के गऱ्यो लौ ?
शत्रु लागे पृथ्वी तलका, स्वैं र कसको जीवन बाँच्यो ?
राम, राम, हे पहलमान् ! तेरै पनि स्वर्गवास भयो
कसरी बाँच्लान् हामी जस्ता, झीना, ख्याउटा इह लोकका
जा स्वर्गमा, त्यहीं अदालत तेरो जम्मै उजुरी सुन्ला" !

"अब त साँच्चै धर्म कर्म नै, यस देशमा के बाँच्यो ?
सब गयो नि, सब बित्यो नि, केवल लासको थुप्रो लाग्यो !
'दशरथ' जस्तो जोधा ठकुरी, यस पृथ्वीमा आज छैन !
कति पीडा खायो होला ? बिचरोको आङ खाली छैन
ऊ, जाँघमा, तिघ्राहरूमा, गोलीको आगो पसेछ
कठै त्यत्रो फुक्का छाती ! चाल्नी झैं प्वाल परेछ
खप्नु कसरी ? रोक्नु कसरी ? यी गहका पानी पनि
भुलभुलाई वैरिरहेछन्, क्रन्दनका छाँगा बनी;
कुन डाँडोको कुन कुनामा, तेरी आमा रुन्छे होली
भक्कानो फोर्ने तातो आँसु, महाकालीमा बग्दो हो नि;
होड भयो लौ पक्कै होड, उसको आंसु र पानीको
महाकालीको भेलसँग, लड्दा उसकै जीत भयो हो;
धन्य थापिस् त्यतिका गोली, धन्य रोकिस् कति बोली
झुण्डी झुण्डी छुन लागिस् नि, नेपालको माटोलाई

"संगै कसरी बाँधिएको, ए ! गोरो कलिलो बाबु !!
के लागेन रतिभर डर ? त्यत्रो राइफल फायर साम् ?
मरिसकिस् तँ, मरिसकिस्, तर पनि कस्तो राम्रो ?
हाँस्छस् क्यारे, बोल्छस् क्यारे ? छाती चिर्दै हाम्रो
कहाँ गइथिस्. के गरिथिस्, भन्छस् सुटुक्क हामीलाई ?
किन तेरो छाती प्वाल परेको ? भनि दिउँला आमालाई
कठै ! उता स्वास्नी कुनामा, सानो बालक बोकिरहीछे
पतिको भीषण मृत्यु सुन्दा, कसरी मूर्छित बन्निने छे
हेर्न पाइनस् जाने वेला, प्यारी स्वास्नी श्रो छोरा
पापी हुन् ती पापी हुन्, जसले हाल्यो यत्रो बाधा"

करुण रसको धारभित्र, उद्वेगको चस्का हिड्थ्यो
चलबलाई हेरिरहेका, आँखामा प्रीति जागिरहेथ्यो
कति हलुका, खुकुला, चाल लिएर, सर्थे मानिसका खंबा
प्रत्येक गोडा भारी बोकी, अल्छी अल्छी हिंडिरहेका
मनुष्यत्वको गहीरो सागर, दानवताको गाँस माग्थ्यो !
घेरिरहेका शहीदहरूका, लासलाई छोपिरहेथ्यो !
बिस्तार, थिस्तार, उम्लन थाल्यो, केही अर्कै गुप्त शक्ति
प्रतिशोधको भाव लिएर, दौदिरहेको रन्थनिई
शहीदप्रतिको ममताको सागरमा यौटा ढुङ्गा बज्यो !
चक्कामा चक्का, काटी काटी, बढ्न थाल्यो क्रोधाग्नि:–

"खून, खून यो बाँच्ने छैन, यमपुरीको त्यो द्वार
पर्खिरहेछ लास उठाउन, अन्यायीको तलवार साथ

आज चारका आत्मालाई, लुटिकन खूब हाँसिरहेको
घृणित दन्तका लहरमाथि, हेर बदला छाल उर्ल्यो !
जति बर्सून् शीत सिन्धु, चम्कनेछन् हृदय इन्दु
जोश, रोषका छालहरू ती कुर्लनेछन् शक्ति सिन्धु
मनु–जनमको पाप बोकी, श्मसानको राह हेरी
गिद्धहरूका चुच्चालाई, क्षीण हृदयको ढाल बनाई
बढिरहेको राणाशाही, नासको अवतार बन्छ !
पिल्सी पिल्सी रोइरहेको, हृदय–सिन्धु व्याप्त हुन्छ;
आज यत्रो त्रास फ्याँकी, युवकहरूको लास खाई
चेतनाको समुद्रभित्र, चाहन्छ मृत्यु राणाशाही !
तर, ह्वँन ह्वँन, मर्न दिन्न, चेतनाको बत्तीलाई
नेपालीका युवक हृदय यी, अन्याय-सामु शिर झुकाई
पापको यो हाँकलाई, धर्मको हतियार बोकी
बढ्छ, बढ्छ, लड्छ, लड्छ, कर्मयोगी बीर नेपाली !
लौन गाऔं गीत यौटा, लौन नाचौं नाच यौटा
झन्झनाकार हृदयबाट, बहन थालोस् राग यौटा !
हात, खुट्टा, छाती, शिरले, तानमा एक सुर चढाउँला
बीर रसको बाढीमाथि, हर्षको अनुराग पोड्ला !"

·

हेर कस्तो जुलूस राम्रो, हेर कस्तो हृदय चोख्लो !
रन्थनाई, चक्कराई, कान्तिपुरको सास उड्दो
बुई लगाई बाबु, नानी, जननीहरूका लाम सारा
करुण रसका वाक्य धारा, गुनगुनाई बगिरहेका !

याद आई, भाव जागी, पुरुषहरूका छाती फुक्छन्
शहीदहरूका क्रान्तिदेखी, जगमगाई हाँस्न थाल्छन् !
एक अनुपम वीरताको, कोटि कोटि होम लाग्छ
धैर्यताका चाँदनीले, दाह मनको शान्त पार्छ !
सक्छ कसले आज गन्न ? कति हृदयको बाँध बन्छ
स्वार्थताको, दासताको, भेल छेकी बढ्न थाल्छ !
ख्वै र जाति, ख्वै र पाति, एक हृदय उम्लिएको
को छ राम्रो ? को नराम्रो ? राष्ट्रको हित नै उज्यालो
जो विभूति जन्मिएथे, मुक्तिको अभिषेक गर्न
देशका मधु पुष्पलाई, वासनाको मूल्य किट्न ?
उक्ली उक्ली, चम्की चम्की, गैरहेथे स्वर्गमाथि
चेतनाको, कोमलताको, सागरको उत्साह पाई
हेर्दथे ती शहीद बोकी, उक्लंदो त्यो बिमानलाई
पुण्य तिथिको याद आई, फूल अक्षताले बिदाई

जागृतिको मुग्ध वायु, कान्तिपुरको जोड स्नायु
दासताको धुस्नुमाथि, फ्याँकिएका अग्निका ती
झिलमिलाउने चट्चटिने, एक एक फिलिगा बोकी !
कुद्यो सारा वायुमण्डल, मेची औ महाकाली
बाग्मतीका एक एक लहर
हुनहुनाई त्यो त्रिशूली, काली, सेती, कर्नाली
पूर्वी नभमा कोशी, रोधी, सप्त हाँगा छर्बराई
हेर, सारा हिमाल त्यस्तै लेक, पर्वत जुर्मुराए !

"हे ! पूर्व दिशाको पहिलो यात्री ! यस पृथ्वीको साक्षी !!
सूर्यदेव हे, मेरो भगवन्, भो नबाल् तँ यो बत्ती,
आज पृथ्वी अन्धकारमय छ, आज हृदय ठुस्किरहेछ
यी दुई ठूला आँखा पनि, अप्रिय विरोध जनाउँदै छन्;
के गर्छस् तँ तेज पर्याँकी ? यसले सित्तै मर्नुपर्छ
के गर्छस् तँ तातो बाँडी ? यसले शिला झैं बस्नुपर्छ
हुन त यही हो कैलाशकूट, जहाँ तेरो भक्त वस्छ
आज अर्कै आकृति आई, तेरो दर्शन पाइरहेछ;
ह्वैन मेरो नाम जुद्ध, जोधा, हिम्मती शासक
पिँजडाको एक चरो हूँ, बन्धनमा पालित–पोषित
सक्छस् यदि लौ यस तनमा, चिन्ताको आगो मार्न
अनि मात्रै जुद्ध फेरि, पुनर्जन्म ली सेवा गर्ला;
गयो गयो त्यो पहिलो तेज, धर्म, 'शुक्र' औ दशरथ' मा
गंगाको त्यो निर्मल ज्योति, जिती लग्यो मेरो सुन्दरता !
तेरै आज्ञा, तेरै आदेश, खोल्थ्यो मेरो चेतन बट्टा
मजबूरीको कैंचीमा यो, काटियो नि टुक्रा टुक्रा !
भो, भो, लैजा, आज मलाई, तेरै ठूलो आँगनमा
यो पृथ्वीको खटन कठिन भो, बिन्ति छ मेरो परमात्मा !...

"ओहो, कस्तो राम्रो, प्यारो; गुलाब गमला छोपिरहेछ
कति मीठो सुबास छर्दै छर्दै, आज यसरी हुर्किरहेछ
तेरो कमलो रातो गाला, कति चिप्लिई चम्किरहेछ
आः मेरो हातमा बस्, मेरो तँलाई प्यार छ ..

कति मुसारी माया पोखी, म, यसरी चुम्मा खाँदैछु
किन नआई भागेको लौ, के म देखि डर लाग्यो ?
चुँड्दिन, चुँड्दिन भो नडरा, तँ नै मेरो प्राण होस् !
ऊ त्यो सानो राजा जस्तो, तँ भुकुल्ले बालक होस् !
लौ न उल्टो थुतुनो गाडी, कान्छीऔंला काटिदिइस्
मेरो शरीरको रगत प्यून, कहिलेदेखि तँ पल्किस् ?
उहुहुहु कस्तो औडाहा भो ? चिरिरिरी चिरिरिरी चहरायो!
'दशरथ' 'गंगा' छातीमाथि, तातो गोली कसरी वर्स्यो ?
के भन्यो हो त्यो छातीले ? के संकायो हो रगतले ?
एक माथि अर्को थपिंदा कसरी हामफाल्यो प्राणले ?
कठै ! आज गुलाब तँ, मेरै बुर्जाको हावामा
सुनाइरहेछस्, भुक्ताइरहेछस्, पीडाको अमर कथा
विद्रोह गरिस् नि धावा बोलिस् मेरै कोमल औलामाथि
तब किन चुप हुन् विद्रोही, मनुष्यको जुनी पाई !"

"आः आः आः आः ए ! फुर्के भँगेरा !
यी, हालिदिन्छु कनिकाको, तेरो मीठो आहारा
चिर्बिराई गाइदे तँ, चलबलाई भुरं उड् तँ
यस बुर्जाको काखमा आई, एक सानो खेल खेल् त ..
सुन, संगै आउँदा खेरि, धोबिनी फिस्टा जम्मैलाई
"भोजमा जाउँ, भोजमा जाउँ" भन्दै ल्याएस् बोलाई
आज सबैलाई बाँडिदिन्छु, यी आफ्नै ठूला मुठीले
खूब थप्नू, खूब अघाउनू, भोलि पर्सि के हो कुन्नी ?

\+ \+ \+

किन उडिस् ए ! किन उडिस् ? यी चारो आफ्नै मुठीमा छ
बन्दूक छैन, पेस्तोल छैन, तर्सने के कारण छ ?
ए लः जानें, ए, लः जानें, तिमीहरू पनि मेरा दुश्मन ह्वौ
खालि मलाई घुल्न भनेरै, यस आश्रममा आयौ"......

"पशु पंक्षी औ फलफूल पनि, मेरा आफ्ना छैनन् त
कसरी मैले राज गरु ँला ? दुनियाँ जम्मै बागी छ !
युद्ध क्षेत्रमा उत्रिन जाँदा, शत्रुसँग मुठभेट पर्दा
आफ्ना कुटुम्ब बल दिन्छन्, ती नै सबभन्दा पत्यारका
ख्वै र त्यो पनि मेरा निम्ति ? आफ्नो छोरो आफ्नै भतिजा
दाउमा छन् पिस्तोल लिई, मेरो गद्दी खोस्न भनी
पुत्र निम्ति छोडिदिन्थे, गद्दी के, यो प्राण पनि
मूर्ख कहाँको संझँदैन, बातावरण वरिपरि !
भतिजाहरू छन् त्यस्ता कपटी, कुम्टन खोज्ने सातो ली
पुत्र मेरो शून्य बुद्धि, हाङ्गामा उड्ने क्षुद्र मति
के भनु ँ म, को खोजु ँ म, आफ्नै तनको संरक्षक ?
बास उठ्दछ, गाँस उठ्दछ, कसरी अड्ने मेरो हिम्मत ?

गयो दशरथ, गयो गंगा, त्यस्तै धर्म र शुक्र
आज सुन्छु गइरहेछन्, लाखौं उनका सम्मुख
शक्ति अझै छ, बिजुली गारत, एक हुकुमको दर्कार छ
बिजुलीले झैं सखाप पार्न, यस सृष्टिलाई सक्छ,
तर, सृष्टि उडेपछि मरुभूमिमा, हाम्रो बस्ती कसरी बस्ला ?

मानिसलाई मानिसकै के, फेरि फेरि दर्कार नपर्ला ?
विद्रोही भनी मारिदिएथ्यौं, भय र घृणाका कारण
देखिरहेछु अश्रुधारा, करुणाको उद्गार बेगन्ती
किन रोए ? किन रुँदैछन् ? त्यत्रा हूलका हूल मानिस !
राजद्रोही भनी, चिनिसकेपछि, दिन्नन् किन हाम्लाई आशिश?
श्राप, श्रापकै नाली मात्रै, बगिरहेछ रे घटनास्थलमा
तब कसरी भन्ने हामी बलीया, यत्ति गारतका भरमा ?

हे दिनकर ! लौ क्षमा गरेस्, अब मैले आसन फेर्नेछु
राजाबाट चाँडै नै, राजर्षी म बन्नेछु
यत्रो पाप, यत्रो हत्या, कतै कतै यो टिक्दैन
मेरो भुजाका दाना दानामा, यसले स्वाद राख्ने छैन
मेरा पलङ्गका एक एक मलमल, खस्रा खस्रा बोह्रा बन्लान्
मनमा शान्ति कविराजका, ओखलमा जस्तै चूर्ण होलान्
डर लाग्दैछ, देखिसकें ऊ, त्यो विधिको बढ्दो लस्कर
बेर छैन, बेर छैन त्यो, फर्कन एक दिन हाम्रा ऊपर;
राजर्षी नै यस्तो बाटो, त्याग नै हो यस्तो जालो
गेरु–वस्त्रकै यौटा स्वाँग, मेरो प्राणको चपटे हो;
तर आँसु चुहाई शरण लिन्छु, हृदय खोली स्वीकार्छु
गर्नै नहुने कुकृत्य त्यो, अहिले मबाट हुन गयो
वृद्ध–वृक्ष यो कायालाई, बाँकी दुई दिन जूग बन्यो
माफ गरेस् नि माफ गरेस्, हे जगको सृष्टि संहारक''

\+ + +

विध्वंश लीलाको सृष्टि गरेर, युग परिवर्तनको फाँसीमा
लट्की लट्की राणाशाही, बेहोस् हुँदैथ्यो धावामा ।
शहीदहरूका लाल रगतका, थोपा थोपा देखेर
फहरिन थाल्यो नेपालीको, जागृति झण्डा प्राण दिएर !

* * *

**समाप्त**

## प्रकाशित पुस्तकहरू

(१) अब हिमालय बोल्छ, २०१५, (कविता संग्रह)
(२) "१७ साल, २०१५, (खण्ड काव्य)
(३) गुराँस, २०१५, (कविता संग्रह)
(४) ओमरखैयामलाई जवाफ, २०१६, (काव्य)
(५) जोवनकै थुम्कोबाट, २०१६, (काव्य)
(६) आमा बोलाउँछिन्, २०१६, (कविता संग्रह)
(७) तिमीलाई देख्दा, २०१७, (काव्य)
(८) साहिंली मैयाँ, २०१८, (खण्ड काव्य)
(९) युरी अलेक्सएभिच गागारिन, २०१९, (काव्य)
(१०) समालोचनाको बाटोतिर, २०१९, (समीक्षा संग्रह)
(११) हाम्रा प्रतिभाहरू, २०१९, (जीवनीपरक समीक्षा संग्रह)
(१२) जनताको शत्रु, २०२०, (हेनरिक इब्सेनको नाटकको अनुवाद)
(१३) जगत्को सृष्टि र सञ्चालन प्रक्रिया, २०४६/१९८९, (दर्शन)
(१४) प्रतिभा पहिचान, २०४७, चैत्र (जीवनीपरक समीक्षा सँग्रह)
(१५) जनताको साहित्य, २०४८, आश्विन (सैद्धान्तिक समीक्षा संग्रह)
(१६) स्वतन्त्रता र कम्युनिष्टहरू, २०४८, कार्तिक (राजनीति)
(१७) दृष्टि बिन्दु, २०४८, मंसिर (किशोर साहित्य)
(१८) व्यावहारिक समालोचना, २०४८, माघ

## प्रकाशित पुस्तिकाहरू

(१९) राष्ट्रिय राजनैतिक सहमति, २०४४
(२०) भाषिक अधिकार, २०४४
(२१) नेपालको भाषा नीति, २०४४
(२२) नेपाली र नेपालका अन्य भाषा माझको सम्बन्ध, २०४४

क्रान्तिका यी गीत बुन्दै, फाँट फाँटै सिच्न थाले !
के तराई, गरीब भाई, के पहाडका ती सिपाही
शहीदहरूको राग पाई, मुक्तिका अवतार जानी
एक आमा, एक छोरा, हेर्न थाले शिर उचाली
एक अर्को आँधि ल्याउने, हृदय हृदयको भो तयारी !
+ + +
आज सकियो पापीहरूको, नरहत्याको अरमान
मनुष्यताको छाती माथि, परेड खेल्ने एहसान
तर के भएको ? यस्तो चर्को, कता गयो त्यो बिमान ?
जसमा चढ्दै शैर गर्ने, हिम्मत उक्लोस् धनवान्;
राणाशाही हाँस्न सकेन, हृदय खोली रुन सकेन
केही बितेको, केही चुकेको, झस्काले निद्रा पर्न दिएन
कति ब्याकुल, चिन्ताका भँवरी, फनफनाई घुम्न थाले
नव जीवन, नव उल्लास, नयाँ बिचार खोस्न थाले
त्यस गर्जनको पूर्वी डाँडो, मुस्केराले लाल भयो
त्यस क्रोधको अग्नि शिखाले, उल्टो निभ्दै मर्नु पर्‍यो !
नपुंसकता उक्लन थाल्यो, सिथिलताको भऱ्याङ चढेर
प्राण–पखेरू उम्कन खोज्यो, त्यो ताजको भार छोडेर !
दासताका मालिकहरूका, सर्बोच्च नेता बिरामी भए
श्री ३ जुद्ध आफ्नो आकृति, जानी जानी बिर्सन थाले,
शहीदहरूका स्वर्गीय यात्रा–वर्णन आफैं आइपुग्यो
उनको सामू दुबै कानमा, पालै पालो झ्याली पिट्थ्यो !
सूर्य पूर्वी नभमा एक्लै, पेट मिच्दै हाँस्न थाल्यो
बेहोश, तर हिड्दै डुल्दै, श्री ३ जुद्ध बर्बराए:–



# लेखक परिचय

जन्म : सन् १९३६, अक्टोबर

स्थान : जुम्ला खलंगा, जुम्ला, कर्णाली अञ्चल, नेपाल

पुर्ख्यौली घर : पल्लाचौडली, बैतडी, महाकाली अञ्चल

हाल निवासस्थान : कालिकास्थान ख २/१५ डिल्लीबजार, काठमाडौं, नेपाल

आनन्ददेव भट्ट

टेलिफोन (घर) ४-१०८२४

पो. ब. नं. (काठमाडौं) ४१०८

कार्यालय : केन्द्रीय अंग्रेजी शिक्षण विभाग, कीर्तिपुर बहुमुखी क्याम्पस त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर ।

## शिक्षा :

- एम्. ए. (अंग्रेजी साहित्य), १९६० पटना विश्वविद्यालय, भारत
- पोष्ठ-ग्रयाजुएट डिप्लोमा (पाठ्यक्रम), लीड्स विश्वविद्यालय, संयुक्त अधिराज्य, १९८२
- एम्. एड्. (पाठ्यक्रम तथा विकासोन्मुख देशमा शिक्षा), लण्डन विश्वविद्यालय, संयुक्त अधिराज्य, १९८३

पिता : न्यायाधीश, श्री जयदेव भट्ट (दिवंगत, १९८३)

माता : श्रीमती हीरादेवी (भट्ट) भट्ट (वर्ष ७६)